अत्यावश्यकबाहेक लामो यात्रा नगर्न प्रधानमन्त्रीको अनुरोध | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ | •अंक ६२ | • २०८२ साल साउन ५ गते सोमबार (21 July, Monday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## पूर्वप्रदेश प्रमुख अहिराज बलात्कार आरोपमा पक्राउ

**टुडे समाचारदाता**



काठमाण्डु । मधेश प्रदेशका पूर्वप्रमुख राजेश झा (अहिराज) बलात्कारआरोपमा पक्राउ परेका छन् । काठमाण्डु जिल्ला अदालतले उनीविरुद्ध पक्राउ अनुमति जारी गरेको थियो ।

सो अनुमतिका आधारमा पूर्वप्रदेश प्रमुख झालाई पक्राउ गरिएको र ५ दिन म्याद थप गरिएको जिल्ला प्रहरी परिसरका एसपी अपील राज बोहराले जानकारी दिए ।

चैत २५ गते उनीविरुद्ध जिल्ला अदालतबाट पुर्जी जारी भएको थियो । पूर्वप्रदेश प्रमुख झा २०७७ फागुन ७ गते मधेशको प्रदेश प्रमुख नियुक्त भएका थिए ।

फौजदारी कसुरमा काठमाण्डु जिल्ला अदालतले उनीविरुद्ध पक्राउ अनुमति जारी गरेको थियो ।

सो घटना २०८१ जेठ ४ गते भएको थियो । युवतीका अनुसार पूर्वप्रदेश प्रमुख झाले कोठामा कोही नभएको बेलामा पटकपटक बलात्कार गरेका थिए । उक्त घटनापछि पनि कसैलाईबताएपछि मार्ने समेतको धम्की दिएको पीडित युवतीको भनाइ छ ।

पीडित युवतीले जाहेरी दर्ता गर्न खोजे पनि प्रहरीले लामो समयसम्म आलटाल गर्दै आएका थिए ।

मधेश प्रदेश प्रमुख हुनुअघिसम्म उनी मधेशवाणी साप्ताहिक पत्रिका प्रकाशन लगायतका संचार उद्यममा जोडिएका थिए । तत्कालीन नेकपाको विवाद उत्कर्षमा पुगेका बेला तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले त्यतिबेलाका प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरी झालाई मधेशको प्रदेश प्रमुखमा नियुक्त गरेको थियो ।

कार्यकालको करिब ६ महिना नपुग्दै झालाई प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले पदमुक्त गरेको थियो ।

# मुख्यमन्त्री सिंह हट्ने पक्का

## सहमतिलाई जनमतले कार्यान्वयन गर्नेमा कांग्रेस विश्वस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह हट्ने पक्का भएको छ । नेपाली कांग्रेसले सहमति कार्यान्वयनमा जोड दिँदै सरकारको नेतृत्व परिवर्तन गर्न दबाब बढाएको छ ।

प्रदेश सरकार गठन भएको बखत नै सरकारको नेतृत्वमा आलोपालो गर्ने सहमति भएकाले त्यसको कार्यान्वयनमा जनमत इमान्दार हुने कांग्रेसका प्रमुख सचेतक कुमर कान्त झाले बताएका छन् ।

'शीर्ष नेतृत्व तहमा जनमतको नेतृत्वमा एक वर्ष सरकार रहने र अर्को वर्ष कांग्रेसले नेतृत्व गर्ने सहमति भएको हो' प्रमुख सचेतक झाले भने, त्यसको कार्यान्वयनमा जनमत पार्टी इमान्दारीपूर्वक लाग्ने छ । मधेश प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्ने वातावरण जनमत पार्टीले बनाउनेमा उनी विश्वस्त देखिए ।

तर जनमत पार्टी संसदीय दलका नेता समेत रहेका पूर्व मन्त्री महेशप्रसाद यादवले सरकारको नेतृत्व आलोपालो गर्ने कुनै सहमति, सम्झौता नभएको दाबी गरेका छन् । 'मधेश प्रदेशमा सरकारको नेतृत्व आलोपालो गर्ने सहमतिबारे आफूलाई कुनै जानकारी छैन' उनले भने, नेपाली कांग्रेसले अनावश्यक हल्ला मात्र चलाएको छ । सरकारलाई कमजोर बनाउने काम गठबन्धन दलहरुबाट नहुनुपर्नेमा उनले जोड दिए ।

यादव दलका नेता रहेपनि सरकारको नेतृत्व सतीश कुमार सिंहले गरिरहेका छन् । कतिपय विषयमा सरकार र जनमतको संसदीय दलबीच तालमेल समेत नभएको देखिन्छ । जनमत पार्टीमा सिंहलाई मुख्यमन्त्री बनाउँदा आन्तरिक विवाद



छताछुल्ल नभए पनि भुसको आगो जस्तै सल्किरहेको छ । मुख्यमन्त्री सिंहले पार्टीलाई पाखा लगाएर आफ्ना अनुकूल हुने गरी कांग्रेस र एमालेसित मिलेमतो गरी काम गरिरहेको आरोप छ ।

तर दलका नेता महेशप्रसाद यादवले भने असन्तुष्टिलाई अस्वीकार गरेका छन् । जनमत पार्टीमा सरकारको विषयमा कुनै मतभेद नरहेको जनाउँदै मधेश प्रदेशमा आफ्नो दलले नेतृत्व गर्ने दाबी गरे ।

मधेश प्रदेशमा सरकारको नेतृत्व परिवर्तनमा नेकपा एमाले पनि सक्रिय देखिएको छ । संघीय सरकारमा कांग्रेस र एमालेको सहकार्य रहेकाले जनमतको सरकार हटाउन दुबै दलबीच सहकार्य हुने एमालेका नेताहरु बताउँछन् ।

'जनता समाजवादी पार्टी (जसपा)नेपालको सरकारलाई हटाएर गठन भएको नयाँ समीकरणमा जनमतले एक वर्ष सरकारको नेतृत्व गर्ने सहमति भएको थियो,' नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतोले भने, सरकारको कार्यकाल १ वर्ष बढी भइसकेकोले जनमत पार्टीले आफै मार्ग प्रशस्त गरेर गठबन्धनको धर्म निर्वाह गर्नुपर्छ ।

मुख्यमन्त्री सतीश कुमार सिंहले सरकारको नेतृत्व नछाडे समर्थन फिर्ता लिन कांग्रेस र एमाले अगाडि बढ्ने महतोले बताए । सिंहले सरकार छाडे कांग्रेसले १ वर्ष र त्यसपछिको १ वर्ष एमालेले सरकारको नेतृत्व गर्ने सहमतिलाई पूर्ण पालना गर्नुपर्नेमा उनले जोड दिए ।

सरकार बाहिर रहेका कांग्रेस र एमालेले नेतृत्व परिवर्तनमा जोडबल गरे पनि मन्त्रीहरु भने मौन देखिएका छन् । भित्री रुपमा उनीहरु सरकारको नेतृत्व परिवर्तनको पक्षमा देखिएका छैनन् । सरकार परिवर्तन हुनासाथ नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको मन्त्री परिवर्तन हुने निश्चित नै रहेको नेताहरु बताउँछन् ।

एमालेका एकजना सांसदका अनुसार जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाइए कांग्रेस, एमाले गठबन्धनबाट नै हट्ने छ । जनमत पार्टी कांग्रेस र एमाले गठबन्धनमा सरकारको नेतृत्वमा रहुञ्जेल मात्र रहेको उनको कथन छ ।

मुख्यमन्त्रीका लागि ठूलो डिल भएकाले सोझै राजीनामा दिने विषय नभएको एमालेका नेताले बताए । मधेश प्रदेशमा सिंह नेतृत्वको तेस्रो सरकार हो । पहिलो पूर्ण पाँच वर्षे कार्यकाल जसपा नेपालका लालबाबु राउतले चलाएका थिए । दोस्रो कार्यकालको पहिलो डेढ वर्ष जसपा नेपालकै सरोज कुमार यादवले चलाएका थिए ।

जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाइए कांग्रेस र एमालेलाई सरकार गठन गर्न सहज भने देखिदैन । कांग्रेस, एमालेको गठबन्धनलाई लोसपाले पनि साथ दिने करिब पक्का नै छ । त्यस्तो अवस्थामा पनि बहुमतका लागि चाहिने ५४ सदस्य पुग्ने छैन् ।एमालेका १ जना सभामुख र एकजना निलम्बनमा रहेका छन् । त्यसैगरि लोसपाका पनि एकजना निलम्बनमा परेकाले बहुमत पुऱ्याउन जनमत अथवा साना दललाई फकाउनु पर्ने बाध्यता छ ।

कांग्रेस र एमाले नेतृत्वमा मधेश प्रदेशमा बन्ने सरकारलाई जसपा नेपाल, माओवादी केन्द्र, नेकपा एस, राप्रपा र नाउपाले समर्थन गर्ने सम्भावना निकै कमजोर छ ।






# विद्युत् र सञ्चार सेवाको समस्या सम्बोधन गर्न आग्रह

काठमाण्डु । मनसुन प्रतिकार्य कमाण्ड पोस्टले मनसुनका बेला विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुने समस्या तत्काल समाधान गर्न नेपाल विद्युत् प्राधिकरण र नेपाल दूरसञ्चार प्राधिकरणलाई आग्रह गरेको छ ।

कमाण्ड पोष्टको आइतबार सिंहदरबारमा सम्पन्न तेस्रो बैठकले मनसुन अवधिभर बाढी, पहिरो, डुबान र भारी वर्षाका कारण विद्युत् आपूर्ति तथा सञ्चार प्रणाली अवरुद्ध हुने गुनासो आउने गरेका सन्दर्भमा सोको यथोचित र शीघ्र सम्बोधनका लागि आवश्यक व्यवस्था मिलाउन विद्युत् र दूरसञ्चार प्राधिकरणलाई अनुरोध गरेको प्राधिकरणका प्रवक्ता, उपसचिव सुरेश सुनारले जानकारी दिनुभयो ।

कमाण्ड पोष्टको आइतबारको बैठकले मनसुन अवधिभर नेपाल टेलिकम, एनसेललगायतका दूरसञ्चार सेवा प्रदायकका टावरमा नियमित रूपमा विद्युत् आपूर्ति सुनिश्चित गर्न विद्युत् प्राधिकरणलाई अनुरोध गरेको हो ।

बैठकले हालै रसुवामा गएको बाढीपछि प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १८औँ बैठकबाट निर्णय भएअनुसार भत्केका पूर्वाधार, सडक, विद्युत् र अन्य पूर्वाधारमा भएको क्षतिको विस्तृत आकलन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न सम्बन्धित मन्त्रालयलाई अनुरोध गरेको उपसचिव सुनारले बताउनुभयो ।रासस

# डेङ्गु सङ्क्रमणदर उच्च भए पनि मृत्यु कम




नारायणगढ । जिल्लामा गत आर्थिक वर्षमा तीन हजार ८८९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार सो अवधिमा एक हजार ५४८ पुरुष र एक हजार ४७२ महिला गरी तीन हजार २० जना चितवन जिल्लाभित्रै डेङ्गु सङ्क्रमित भएका हुन् । त्यसैगरी, अन्य जिल्लाबाट आएका चार सय १२ पुरुष र चार सय ५७ महिला गरी आठ सय ६९ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ ।

गत वर्ष सबैभन्दा धेरै सङ्क्रमित भरतपुर महानगरपालिकामा देखिएका छन्, जहाँ एक हजार एक सय ७१ जनामा सङ्क्रमण पुष्टि भएको छ । त्यसपछि रत्ननगर नगरपालिकामा नौ सय सात, इच्छाकामना गाउँपालिकामा चार सय ६७, खैरहनी नगरपालिकामा दुई सय २३, राप्ती नगरपालिकामा एक सय २४, कालिका नगरपालिकामा ९१ र माडी नगरपालिकामा ३७ जना सङ्क्रमित भएका छन् । डेङ्गुका कारण गत आवमा एक जनाको मृत्यु भएको पुष्टि गरिएको थियो ।

जिल्लामा गत आव १७ हजार ३५३ जनाको रगत परीक्षण गरिएको थियो । जनस्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले सङ्क्रमणदर उच्च भए पनि मृत्युदर कम रहेको बताउनुभयो । उहाँका अनुसार अघिल्लो आवमा एक हजार आठ सय ३१ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो, जुन २३ हजार आठ सय ४० जनाको परीक्षणमा पुष्टि भएको थियो ।

आव २०७४/७५ मा एक हजार २९१ परीक्षण ५९ सङ्क्रमित, २०७५/७६मा एक हजार ९५१ परीक्षण ३१ सङ्क्रमित, २०७६/७७ मा एक हजार २३० परीक्षण चार हजार ८०३ सङ्क्रमित, २०७७/७८ मा एक हजार ७१७ परीक्षण २४३ सङ्क्रमित, २०७८/७९ मा १४ हजार ९७८ परीक्षण, तीन हजार ३३६ सङ्क्रमित, २०७९/८० मा पाँच हजार ४५४ परीक्षण, ३०३ सङ्क्रमित भएको कार्यालयको तत्याङ्कमा उल्लेख छ ।

जिल्लाको मुख्य बजार क्षेत्रमा डेङ्गु जोखिम बढी हुने गरेको छ ।

सङ्क्रमण बढ्न नदिन उच्च सतर्कता अपनाइएको छ । कार्यालयले सबै सातै पालिकाका स्वास्थ्यकर्मी र जनप्रतिनिधिसँग अन्तर्क्रिया र छलफल गर्दै डेङ्गु नियन्त्रणका उपाय अघि बढाएको भेक्टर कन्ट्रोल निरीक्षक केसीले जानकारी दिनुभयो । डेङ्गु फैलाउने लामखुट्टेको सर्‍या बढ्ने मौसमी कारण यस सिजनमा सतर्क रहन सबैलाई सचेत गराइएको उहाँले बताउनुभयो ।

नेपालमा डेङ्गु ज्वरो पहिलोपटक सन् २००४ मा चितवनमा देखिएको थियो । त्यो वर्ष यहाँ आएका एक जापानी पर्यटकमा रोग पुष्टि भएको थियो । त्यसपछि सन् २००६ मा तराई र भित्री मधेसका केही जिल्लामा पनि डेङ्गुका बिरामी भेटिएका थिए । सन् २००९ मा चितवनमा नौ जनामा सङ्क्रमण देखिएको थियो । सन् २०१० मा तीन हजार २९८ जनाको परीक्षण गर्दा ७३९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको कार्यलयको तथ्याङ्कमा उल्लेख छ ।

भेक्टर कन्ट्रोल केसीका अनुसार डेङ्गु रोगको ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ । यो रोग लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिबिरा आउने र रक्तश्राव हुने, उच्च ज्वरो आउनेजस्ता लक्षण देखापर्छ ।

यस्तै वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुनेजस्ता लक्षण देखापर्ने उहाँले बताउनुभयो । डेङ्गु ज्वरो विषाणुका कारण हुने भएकाले यसको खासै उपचार नहुने उहाँले जानकारी दिनुभयो ।

डेङ्गु ज्वरोबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ । आफू बस्ने ठाउँ वरिपरी फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, पुराना टायर आदिमा पानी जम्न नदिने रहेको भेक्टर कन्ट्रोल केसीले बताउनुभयो ।रासस

# पर्यटन विकासका पूर्वाधारमा लगानी बढाइनुपर्ने

काठमाण्डु । रामेछापको सुनापति गाउँपालिकाले पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नका लागि पूर्वाधार निर्माणमा जोड दिन सरोकारवालाले सुझाव दिएका छन् । गाउँपालिकाले आइतबार नेपाल पर्यटन बोर्डको सहकार्यमा यहाँ आयोजना गरेको 'सुनापति गाउँपालिकाको पर्यटन विकासका लागि अन्तरक्रिया'मा उहाँहरुले सुनापतिको पर्यटन विकासका लागि दिगो पर्यटन विकासमा जोड दिन सुझाव दिनुभयो ।



सांसद पूर्णबहादुर तामाङले सुनापतिको पर्यटन विकासका लागि पूर्वाधार निर्माण पहिलो सर्त भएको बताउनुभयो । उहाँले स्थानीय तहका पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन गरी आकर्षण गर्ने प्याकेज बनाएर आन्तरिक तथा विदेशी पर्यटक ल्याउन सकिने धारणा राख्नुभयो । उहाँले तीन वटै तहका सरकारको समन्वयमा लगानी अभिवृद्धि गर्न जरुरी भएको औंल्याउनुभयो ।

सांसद तामाङले विभिन्न शीर्षकमा स्थानीय तहमा जाने बजेटको प्रभावकारी परिचालन नहुँदा योजना कार्यक्रमले गति लिन नसकेको भन्दै यसप्रति सबै सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले सुनापतिको पर्यटन विकासका लागि रणनीतिक योजना समन्वयका साथ अगाडि बढाइनुपर्ने बताउनुभयो । उहाँले पर्यटकीय सम्भावना बोकेका पालिकालाई धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधिताला जोडेर पर्या पर्यटन विकासमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष कमल सापकोटाले पालिकाको पर्यटन विकासका लागि बोर्डले बलियो सहकार्य गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले कम लगानीमा बढी प्रतिफल दिने तुलनात्मक लाभको क्षेत्र पर्यटनको विकासमार्फत मुलुकको आर्थिक समृद्धिको यात्रामा योगदान गर्न सबै जिम्मेवार भएर लाग्नुपर्ने खाँचो औंल्याउनुभयो ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेले सुनापतिको भूगोल, संस्कृति र इतिहासकासाथै कृषि उत्पादनलाईसमेत जोडेर एकीकृत पर्यटन विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले पर्यटन विकासका लागि टानले गाउँपालिकासँग सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभयो । नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रबन्ध निर्देशक कुलमान घिसिङले सङ्घीय राजधानी काठमाडौँ नजिकको गन्तव्य सुनापतिको पर्यटन विकासका लागि लगानी बढाएर पदमार्गहरु निर्माण गरिनुपर्ने बताउनुभयो ।

सुनापति गाउँपालिकाका अध्यक्ष ठूलोकान्छा तामाङले पर्यटनसँग सम्बद्ध सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय सहकार्य गर्दै सुनापतिको पर्यटन विकासका लागि लगानी अभिवृद्धि गर्ने, सुनापति गाउँपालिकाको मौलिक संस्कृति, धार्मिक स्थल, पौराणिक सम्पदाहरु, पर्यावरणीय विविधता र ऐतिहासिक स्थलहरुको संरक्षण, विकास र प्रचार-प्रसार गर्ने उद्देश्यले कार्यक्रम गरिएको बताउनुभयो ।

प्राकृतिक विविधता, सांस्कृतिक सम्पदा र ऐतिहासिक पृष्ठभूमि रहेको सुनापतिको सुनापति गाउँपालिकालाई धार्मिक, सांस्कृतिक र पर्यावरणीय गन्तव्यको रुपमा विकास गर्न गाउँपालिको मात्र नभई सङ्घ, प्रदेश र निजी क्षेत्रसमेतको लगानी अभिवृद्धि गर्नको लागि सुनापति गाउँपालिकाको आयोजना र नेपाल पर्यटनका लागि अन्तरक्रिया गरिएको हो ।

स्थानीय कला संस्कृतिहरु जस्तै थान्का चित्रकला, गलैंचा बुनाईलगायत विभिन्न धार्मिक स्थलहरूको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्नु, होमस्टे, पर्यटकीय होटल तथा रेष्टुरेन्ट, टुरिष्ट गाइड, हस्तकला, कृषि पर्यटनलगायतका माध्यमबाट स्वरोजगार सृर्जना गरी स्थानीय रोजगार र आयआर्जनका अवसर प्रदान गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ ।

सुनापति सूर्योदय र सूर्यास्त अवलोकनका लागि रमणीय स्थल मानिन्छ। जहाँबाट जुगल, लाङटाङ, गौरीशङ्कर हिमशृं लादेखि सर्वोच्च शिखर सगरमाथाको दृश्यावलोकन गर्न पाइन्छ । हाल उक्त क्षेत्रमा नेपालथोक-लुभु-हिलेदेवी र सुनापति-शैलुङ पदमार्ग छन् । एकसय आठ लहरेमाने, लखपतिमाने, सुनापति महादेव, डम्फु पार्क आदि यहाँक महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु छन् ।

पर्यटन क्षेत्रका विकासका लागि गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु एक करोड ५० लाख बजेट विनियोजन गरी सुनापति डाँडा आसपासका क्षेत्रमा विभिन्न पर्यटकीय पूर्वाधारहरु निर्माण गरिएको जनाएको छ । कार्यक्रममा सुनापति गाउँपालिकाको पर्यटनसम्बन्धी श्रव्यदृश्य सामग्री प्रस्तुत गरिएको थियो भने डम्फु र टुङ्नाका साथ तामाङ कलाकारको विशेष प्रस्तुतिकरण गरियो ।रासस

# तरकारी बिक्री नहुँदा किसानद्वारा राजमार्ग अवरुद्ध

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको लालबन्दीमा तरकारी बिक्री नहुँदा आक्रोशित किसानले आइतबार पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

लालबन्दीस्थित कृषि उपज संकलन केन्द्रमा तरकारी लिएर पुगेका किसानहरू व्यापारिले खरिद नगरेपछि आक्रोशित भएका हुन् । उनीहरूले स्थानीय प्रशासन र नगरपालिकाविरुद्ध नाराबाजी गर्दै राजमार्गमै तरकारी फालेर विरोध जानकारी दिए ।



कृषकहरूले बिक्रीका लागि ल्याएको तरकारी फिर्ता लैजान नसक्ने अवस्थामा पुगेको भन्दै सरकार र नगरपालिकाले आफूहरूलाई हेपेको गुनासो गरेका छन् ।

कृषि उपज संकलन केन्द्र लालबन्दीका अध्यक्ष प्रमोद थपलियाका अनुसार, लालबन्दी नगरपालिकाले लगाएको निकासी करको विरोधमा थोक व्यापारीले तरकारी खरिद गर्न मानेका छैनन् ।

उनले भने, "नगरपालिकाले किसानकै थुनिएको अवस्था बनाएको छ । व्यापारीले कर हटाइएन भने किन्ने छैनौं भनेपछि सारा दबाव किसानमाथि आएको छ ।"

# करेन्ट लागेर एक महिलाको मृत्यु



टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

मिथिला बिहारी नगरपालिका-६ सिर्सिया बस्ने २८ वर्षीया रंजितादेवी यादवको करेन्ट लागेर शनिबार दिउँसो मृत्यु भएको छ ।

चापाकलमा जडित विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको छ ।

सो घटनाको सम्बन्धमा धनुषा प्रहरीले आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

# लागूऔषध गाँजासहित एक पक्राउ

टुडे समाचारदाता

बारा । बारामा ५ किलो लागूऔषध गाँजासहित एक भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ ।

बाराको प्रहरी चौकी मुसहर्वाबाट खटिएको टोलीले विश्रामपुर गाउँपालिका वडा नम्बर ४ स्थित बलिरामपुर स्कुल नजिकैबाट उनलाई पक्राउ गरेको छ ।

नेपालबाट भारततर्फ कालो झोला बोकेर शङ्कास्पद रूपमा जाँदै गरेका एक व्यक्तिलाई रोकी खानतलासी गर्दा उनको झोलाभित्र लुकाइएको ५ किलो गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।



पक्राउ पर्ने व्यक्ति भारतको सितामढी जिल्ला स्थित डुमराका २९ वर्षीय सावन शर्मा रहेको प्रहरीले जनाएको छ पक्राउ परेका शर्मामाथि थप अनुसन्धान भइरहेको प्रनाउ पण्डितले बताए ।

# ३ क्वीन्टलभन्दा बढी गाँजासहित एक महिला पक्राउ



टुडे समाचारदाता

राजविराज ।

सप्तरीमा प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागूऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ ।

जिल्लाको राजगढ गाउँपालिका वडा नम्बर ३ स्थित नर्घो गाउँबाट आइतबार ३८८ किलो ७३० ग्राम गाँजासहित ४१ वर्षीया रेखा कुमारी मण्डललाई नियन्त्रणमा लिइएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाए अनुसार रामकेवल मण्डलको घरमा लागूऔषध गाँजा लुकाइछिपाइ राखेको भन्ने गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले घरमा खानतलासी गरेको थियो। खानतलासीका क्रममा मण्डलको निर्माणाधीन शौचालयबाट २ बोरा, गोठबाट १ बोरा र घर नजिकैको बाँसको झाडबाट ९ बोरा गरी कुल १२ वटा बोरामा राखिएको गाँजा बरामद भएको प्रहरी प्रवक्ता डीएसपी जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

पक्राउ परेकी रेखा कुमारी मण्डल र बरामद भएको गाँजालाई ईलाका प्रहरी कार्यालय कल्याणपुरको नियन्त्रणमा राखी थप अनुसन्धान अगाडि बढाइएको सप्तरी प्रहरीले जनाएको छ ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : योगीहरुले राम्रो साथ दिनेछन् । काम बन्ने र नयाँ काम सुरु गर्ने अवसर छ ।
वृष : प्रतिस्पर्धाफाइदा हुने समय छ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ ।
मिथुन : विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ
कर्कट : नयाँ कामको प्रस्ताव आउनेछ। पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन् ।
सिंह : सोचेको आटेको काममा सफलता मिल्नेछ ।
कन्या : साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ ।
तुला : शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।
वृश्चिक : काममा राम्रै फाइदाको योग रहेकोछ । मेहनत गरे प्रशस्त धन लाभ हुनेछ ।
धनु : नयाँ कामको थालनी गर्ने मौका मिल्नेछ ।
मकर : काममा लगानी बढाउने समय छ ।
कुम्भ : साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ ।
मीन : अरुलाई प्रभावित पारेर काम लिन सकिने छ

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राममन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



पूर्वी पहाडी जिल्लाबाट सप्तकोशीले बगाएर ल्याएको दाउरा स्थानीयहरू जोखिम मोलेर नदीबाट टिप्दै दैनिकी जीविकोपार्जन र आर्थिक स्रोतको जोहो गर्दै स्थानीय स्थानीय बासिन्दा। *तस्विरः रासस*

# खडेरीले सुकायो कलधारा, ट्याङ्करबाट राहत



सिरहा। लहान नगरपालिका-१ र २ मा पर्ने मटियर्वा र मिलन चोक क्षेत्रका मुसहर बस्तीमा खडेरीका कारण खानेपानीको सङ्कट चुलिँदै गएको छ। भूमिगत पानीको सतह घट्दै जाँदा हाते कलधारा सुक्न थालेपछि दर्जनौँ परिवार पिउने पानीको अभावमा परेका हुन्।

खानेपानीको समस्या समाधान गर्न युवाको सक्रियतामा डिभिजन वन कार्यालय लहानसँग समन्वय गरी ट्याङ्करमार्फत पानी वितरण गरिएको छ। शुक्रबार र शनिबार दुई दिनमा करिब १० हजार लिटर पानी बस्तीमा पुऱ्याइएको स्थानीय युवा ओमप्रकाश यादवले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "स्थानीय मुसहर बस्तीका बासिन्दाको पानीको अभावमा दैनिकी कष्टकर बन्दै गएको थियो। सरकारी योजना पर्खेर बस्नुभन्दा पहिले हामी आफैँबाट पहल गर्न जरुरी लागेर ट्याङ्करको व्यवस्था गरेका हौँ।" उहाँका अनुसार आज पनि बस्तीमा ट्याङ्करबाट खानेपानी वितरण गरिने छ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार विभागसँग पानी वितरणका लागि छुट्टै बजेट नहुँदा युवाको सक्रियता र बस्तीको आवश्यकता देखेर तत्काल राहतस्वरूप पानी पुऱ्याइएको हो। उहाँले भन्नुभयो, "हामीसँग यस्ता राहतका लागि छुट्टै बजेट छैन, तर यहाँका युवाको पहल र स्थानीय आवश्यकताका आधारमा विपन्न दलित बस्तीमा पानी पुऱ्याइएको हो। आवश्यक परे अन्य क्षेत्रमा पनि वितरण गर्नेछौँ।"

स्थानीय राजनीतिककर्मी बालेश्वर यादवले बस्तीका प्रायः हातेपम्प सुकिसकेकाले समस्या बढ्दै गएको बताउनुभयो। "ट्याङ्करले तत्काल राहत दिएको छ, तर दीर्घकालीन समाधानबिना यो समस्या बारम्बार दोहोरिनेछ", उहाँले भन्नुभयो।

स्थानीय युवा चन्द्र यादवले भन्नुभयो, "यो समस्या केवल आजको होइन। भूमिगत पानीको अत्यधिक दोहन, चुरे फँडानी र जलवायु परिवर्तनको असर हो। हामीले गरेको पहलले तत्काललाई राहत दिए पनि दीर्घकालीन समाधानका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकार सबैको समन्वय आवश्यक छ।" तीनै तहका सरकारले खानेपानीको समस्या समाधान गर्न दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जद्वारा गत आवमा नौ अर्ब ४१ करोड राजस्व सङ्कलन



वीरगञ्ज। आन्तरिक राजस्व कार्यालय वीरगञ्जले गत आर्थिक वर्षमा रु नौ अर्ब ४५ करोड ९५ लाख सात हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले आव २०८०/८१ को तुलनामा गत आर्थिक वर्षमा रु दुई अर्ब ५८ करोड बढी राजस्व सङ्कलन गरेको हो।

कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईँले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा राजस्व सङ्कलनको वृद्धिदर भने ३५ दशमलव ५७ प्रतिशत रहेको बताउनुभयो। "आन्तरिक राजस्व विभागले गत आवमा कार्यालयलाई रु आठ अर्ब ७१ करोड ८२ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो", उहाँले भन्नुभयो, "कार्यालयले गत आवभरिमा वार्षिक लक्ष्यको एक सय नौ प्रतिशत लक्ष्य हासिल गरेको छ। कार्यालयले विभागबाट निर्धारित कार्यात्मक सूचकका आधारमा 'एक प्लस' स्तर प्राप्त गर्न सकेका छौँ।"

विभागले आव २०८०/८१ का लागि भने रु नौ अर्ब ४१ करोड ९७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। तर, सो अवधिमा कार्यालयले वार्षिक लक्ष्यको ७२ दशमलव ९३ अर्थात् रु छ अर्ब ८७ करोड राजस्व सङ्कलन गरेको थियो।

प्रमुख कर अधिकृत चौलागाईँले कार्यालयले बक्यौता रकम असुलीमा कडाइ गरेकाले पनि लक्ष्यभन्दा धेरै राजस्व सङ्कलन गर्न सफल भएको बताउनुभयो। "चैत महिनामै राजस्व नबुझाउने करदाताको बैंक खाता, घरजग्गा, आयात-निर्यात रोक्का गरियो। जसबाट राजस्व सङ्कलनको लक्ष्य पुग्नमा धेरै मद्दत पुग्यो", उहाँले भन्नुभयो, "कार्यालयले सघन बजार अनुगमनको दायरा विस्तार र करदाता शिक्षालगायत चेतनामूलक कार्यक्रमले पनि राजस्व बढ्न सकेको हो।"

कार्यालयले गत आवमा अन्तःशुल्क करतर्फ रु तीन अर्ब नौ करोड ५७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु चार अर्ब १३ करोड ७३ लाख राजस्व सङ्कलन गरेको छ। त्यस्तै कार्यालयले गत आवभरिमा आयकरतर्फ रु दुई अर्ब ८९ करोड ९९ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु तीन अर्ब १० करोड १५ लाख राजस्व सङ्कलन गरेको छ। कार्यालयले गत आवमा मूल्य अभिवृद्धि करतर्फ भने रु दुई अर्ब ५८ करोड ८७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु दुई अर्ब १२ करोड ९१ लाख राजस्व सङ्कलन गरेको छ। प्रमुख कर अधिकृत चौलागाईँले मूल्य अभिवृद्धि कर लक्ष्यअनुसार सङ्कलन नहुनुमा यहाँका १५ वटा करदाताको कारोबारको सीमा नाघेर ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा गएकाले पनि सो लक्ष्य प्राप्त हुन नसकेको बताउनुभयो।रासस

# अत्यावश्यकबाहेक लामो यात्रा नगर्न प्रधानमन्त्रीको अनुरोध

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन समस्त देशवासीमा अनुरोध गर्नुभएको छ। साथै उहाँले मौसमजन्य विपद्बाट जोगिन तथा सजग रहन आह्वान पनि गर्नुभएको छ।

जल तथा मौसम विज्ञान विभागले आइतबार दिउँसो देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेकाले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गर्नुभएको हो। विभागले जारी गरेको विवरण सार्वजनिक गर्दै प्रधानमन्त्री सामाजिक सञ्जालमा सचेत रहन अनुरोध गर्नुभएको हो।

"शुभ बिहानी! मौसम विज्ञान विभागले आज दिउँसो देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेको छ। मौसमजन्य विपद्बाट बच्न सुरक्षा निकायले आवश्यक सतर्कताका लागि जारी गरेको सूचनालाई पालना गरौँ। अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गर्दछु। रासस



# पोखरी सौन्दर्यकरण अभियान निष्प्रभावी

वीरगञ्ज। वीरगञ्ज महानगरपालिका-१६ नगवाकी राधिकादेवी २०७५/७६ सालमा मधेस प्रदेश सरकारले नगवा पोखरी मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत सौन्दर्यकरण गर्ने योजनाले निकै खुसी हुनुहुन्थ्यो। आफ्नै घरनजिकै रहेको पोखरी व्यवस्थित भएसँगै छठ पूजा गर्न सहज हुने आशाले पनि उहाँसहितका नगरवासीलाई हर्षित बनाएको थियो।

उहाँको त्यो खुसी लामो समय टिक्न सकेन। नगवापोखरी सौन्दर्यकरण थालेको पनि छ वर्ष बितिसक्यो तर अहिलसम्म पनि पोखरी निर्माणको काम सकिएको छैन। पोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर बनाउन गाडेको छड पनि खिया लागिसक्यो। पोखरी वरपर सौन्दर्यकरणको काम विगत तीन वर्षदेखि अलपत्र छ। "हामीले त नगवा पोखरी बन्ला भनेर ठूलो आशा गरेका थियौँ तर, अहिले त हाम्रो आशा निराशामा बदलिसकेको छ", राधिकादेवीले भन्नुभयो, "बीचैमा अलपत्र पार्ने हो भने किन पोखरी बनाउने अभियान थालेको त?"

मधेस प्रदेश सरकारले आव २०७५/७६ र आव २०७६/७७ मा मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पर्सा जिल्लामा मात्रै छवटा पोखरी सौन्दर्यकरणको योजना अघि सारेको थियो। तर, प्रदेश सरकारले अघि सारेका छवटै पोखरी निर्माणको काम तीन वर्षदेखि अलपत्र छ। पूर्वाधार विकास कार्यालय वीरगञ्जका कार्यालय प्रमुख लालबाबु रायले सुरुआती चरणमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै पोखरी सौन्दर्यकरणका योजना अघि सारिएको बताउनुभयो।

"मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत जिल्लामा छवटा पोखरी निर्माण गर्न रु ३७ करोड ७६ लाख चार हजार ८४७ लागतमा ठेक्का सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "अहिलेसम्म छ वटै पोखरी निर्माणको काम बीचैमा रोकिएको छ।"

त्यसैको एक कुरुप नमुना हो नगवापोखरी। मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वीरगञ्ज-१६ स्थित नगवापोखरी सौन्दर्यकरणका लागि २०७६ वैशाख २३ गते प्रेरा/रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग रु १० करोड एक लाख ३० हजार ६०९ को ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार नगवापोखरी सौन्दर्यकरणको काम २०७८ वैशाख १४ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो तर अहिलेसम्म पोखरीको निर्माणको काम ५० प्रतिशत मात्रै भएको कार्यालयले जनाएको छ।



नगवापोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर निर्माण गर्ने, मन्दिर वरपर सौन्दर्यकरणको काम पनि बीचैमा अलपत्र अवस्थाबाट गुज्रिरहेको छ। निर्माण कम्पनीले हालसम्म रु तीन करोड ९७ लाख ८७ हजार ५७६ रकम भुक्तानी पाएको छ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह प्रदेश सरकारले अघि सारेका वीरगञ्जका आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अलपत्र हुँदा महानगरलाई अनावश्यक दोषारोषण हुँदै आएको गुनासो गर्नुहुन्छ। "मधेस प्रदेश सरकारले अघि सारेका वीरगञ्जका पोखरी सौन्दर्यकरण गर्ने योजना वर्षौंदेखि अलपत्र हुँदै आइरहेका छन्", उहाँले भन्नुभयो, "प्रदेश सरकारले अघि सारेको योजना छ वर्षदेखि अलपत्र छन्। प्रदेश सरकारले काम गर्न नसक्ने हो भने प्रक्रिया पूरा गरेर महानगरलाई हस्तान्तरण गरे हुन्छ नि।"

मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गत अघि बढाइएको वीरगञ्ज-१२ स्थित मुर्लीपोखरी सौन्दर्यकरणको काम पनि अलपत्र छ। सो पोखरीको ठेक्का पनि प्रेरा-रञ्जन जेभीले रु १० करोड ४३ लाख १७ हजार ७५ लागतमा पाएको थियो। अहिलेसम्म पोखरी सौन्दर्यकरणको काम ७५ प्रतिशत सकिएको छ तर बाँकी काम कहिले सम्पन्न हुने कुनै निश्चित छैन।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पोखरी सौन्दर्यकरण अभियान थाल्नुभएका तत्कालीन मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत गद्दीले सार्वजनिक सम्पत्तिका रुपमा रहेका पोखरीहरुको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले पर्सा जिल्लामा आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अघि सारे पनि अहिले अलपत्र हुँदा आफूलाई दुःख लागेको बताउनुभयो। "मुलुक कोभिड सङ्क्रमण महामारीको समयमा बजेट अभावका कारणले दुई वर्षसम्म निरन्तर रुपमा बजेट राख्न पनि सकेनौँ", उहाँले भन्नुभयो, "एकातर्फ निर्माण कम्पनीले भुक्तानी माग गर्दै अदालतमा जानु र अर्कोतर्फ नयाँ बनेको प्रदेश सरकारले पोखरी सौन्दर्यकरण अभियानको कार्यक्रमलाई बजेट निरन्तरता नदिनाले पनि अभियान अलपत्र बन्न पुग्यो।"

तत्कालीन मुख्यमन्त्री गद्दीले पछिल्ला वर्षमा प्रदेश सरकारले बजेट नै विनियोजन नगरेपछि काम अघि बढ्न नसकेको बताउनुभयो। "बजेट नै विनियोजन नगरेपछि त काम कसरी हुन्छ?" उहाँले भन्नुभयो, "कोभिड-१९ को सङ्क्रमण देखापरेपछि नै यहाँको काम ठप्प छ। की त काम अघि बढाउनु पऱ्यो की त ठेक्का तोड्नुपर्ने हुन्छ।"

त्यस्तै अलपत्र पर्ने अर्को योजनामा परेको छ-छिपरमाई पोखरी सौन्दर्यकरण। सो पोखरी सौन्दर्यकरण गर्नका लागि रु १० करोड ४४ लाख ६३ हजार एक सय ८० लागतमा निर्माण थालनी भएको थियो।
सो पोखरीको निर्माणको ठेक्का पनि प्रेरा/रञ्जन जेभीले नै प्राप्त गरेको थियो। पूर्वाधार विकास कार्यालयका अनुसार सो पोखरीको प्रगति मुस्किलले २५ प्रतिशत मात्रै भएको छ। सो पोखरीको ठेकेदार कम्पनीले रु दुई करोड १४ लाख ६१ हजार आठ सय ५४ रकम बुझिसकेको छ। सौन्दर्यकरणको अभियान भने जहाँकोतहीँ छ।

> "मधेस प्रदेश सरकारले अघि सारेका वीरगञ्जका पोखरी सौन्दर्यकरण गर्ने योजना वर्षौंदेखि अलपत्र हुँदै आइरहेका छन"

वीरगञ्ज महानगरपालिका-१५ स्थित लक्ष्मणवा पोखरी सौन्दर्यकरण योजना पनि अलपत्रकै सूचीमा दर्ज हुँदै आइरहेको छ। सो पोखरी निर्माणका लागि २०७७ फागुन १० गते सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रालिलाई दिइएको थियो। ठेक्का सम्झौताअनुसार सो पोखरीको सौन्दर्यकरणको काम २०८० वैशाख ११ गतेभित्रै सम्पन्न हुनुपर्ने थियो। तर, अहिलेसम्म सो पोखरीको सौन्दर्यकरणको काम भने ७५ प्रतिशतभन्दा अघि बढ्न सकेको छैन। सो पोखरीको निर्माण कम्पनीले हालसम्म रु एक करोड २८ लाख ३६ हजार ५३९ रकम भुक्तानी लिइसकेको छ।

सो पोखरी निर्माणका लागि २०७७ फागुन ११ गते रु तीन करोड छ लाख ३१ हजार ३५३ लागतमा नार्गाजुन/हेम/सर्बसक्री जेभीले पाएको थियो। सम्झौताअनुसार सो पोखरी २०८० वैशाख ११ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो। तर, अहिलेसम्म सो पोखरीको प्रगति ३० प्रतिशतमा नै खुम्चिएको छ। तीन वर्षदेखि पोखरी निर्माणमा सिन्को भाँच्ने कामसमेत भएको छैन।

त्यस्तैगरी, मधेस प्रदेश सरकारले वीरगञ्ज महानगर क्षेत्रभित्रै मूर्लीबगौँचा सौन्दर्यकरणको काम पनि २०७७ फागुन ११ गते विकोइ/किशोर जेभीसँग रु दुई करोड पाँच लाख ४१ हजार दुई १० लागतमा तीन वर्षभित्रै सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गऱ्यो। तर, सो पोखरी निर्माणको काम पनि कछुवा गतिमा नै सीमित छ। हालसम्म सो पोखरीको प्रगति २० प्रतिशत भए पनि निर्माण कम्पनीले अहिलेसम्म भुक्तानी पाएका छैनन्। पूर्वाधार विकास कार्यालयका अनुसार पर्साका छ पोखरीमध्ये पाँच पोखरीको निर्माणका लागि हालसम्म रु १४ करोड ७९ लाख ८६ हजार दुई सय ७६ रकम भुक्तानी भइसकेको छ।

कार्यालय प्रमुख रायले पर्साका पोखरी सौन्दर्यकरण योजनाको म्याद थप नहुनु र बजेट अभाव मुख्य समस्या रहेको बताउनुभयो। "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएदेखि पोखरी सौन्दर्यकरणको योजना अघि बढ्न सकेको छैन।" छ वटै पोखरी सौन्दर्यकरण गर्ने अभियानको फाइल भने २०७९ सालदेखि पूर्वाधार विकास कार्यालय मातहत आएको छ। सोही समयदेखि पोखरी निर्माणको काम पनि अघि बढ्न सकेको छैन। "पोखरी सौन्दर्यकरणको विवाद विभिन्न निकायमा पुगेकाले पनि काम अघि बढ्न सकिरहेको छैन", उहाँले भन्नुभयो।

पोखरी सौन्दर्यकरणको ठेक्का पाएका निर्माण कम्पनीले आफ्नो भुक्तानी पाउनुपर्ने माग राख्दै अदालतमा मुद्दा समेत दायर गरेका छन्। अर्कोतर्फ पोखरी सौन्दर्यकरण गर्ने विषयमा आवश्यक फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिवास कार्यालयले अनुसन्धान भइरहेको बताइएको छ।

मधेस प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट अभावले पोखरी सौन्दर्यकरणको अभियान प्रभावकारी ढङ्गले अघि बढ्न नसकेको बताउनभयो। "मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गतका कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालय मातहत अघि बढाइएको थियो। तर, अहिले बजेट अभावले काम अघि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "चालु आवमा पोखरी सौन्दर्यकरण अभियानअन्तर्गतका प्रतियोजना रु एक लाख मात्रै बजेट छुट्याएकाले पनि काम हुन सकिरहेको छैन।" निमित्त सचिव साहले आगामी आवको बजेटमा पनि पोखरी सौन्दर्यकरणका योजनामा पर्याप्त बजेट विनियोजन नभएकाले समयमा नै सम्पन्न हुनेमा आशङ्का कायमै छ।

मधेस प्रदेशका अर्थमन्त्रालयका प्रवक्ता उपेन्द्र न्यौपानेले अलपत्र परेका पोखरी सौन्दर्यकरणका योजनाको आवश्यक छानबिन गरेर छिट्टै निष्कर्षमा निकाल्ने योजना रहेको बताउनुभयो। "अलपत्र परेका पोखरी सौन्दर्यकरणलाई व्यवस्थित गराउने विषयमा आवश्यक छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "आवश्यकताका आधारमा केही पोखरीको सौन्दर्यकरणको अभियानलाई अघि बढाइनेछ।"रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### मधेशमा अकाल, सरकार प्रचारमा

मधेश प्रदेश सरकारले वर्षा नहुँदा प्रदेशलाई सुख्खाग्रस्त घोषणा गरेको छ । मधेश प्रदेशमा आठ जिल्ला छ । तर साउनको पहिलो हप्ता बित्न लाग्दा पनि पचास प्रतिशत धान रोपाइँ भएको छैन । रोपाइँ भएको धान खेतमा चिरा परेको छ । किसानले उमारेको बीउ नै जलेको कारण पनि रोपाइँमा समस्या देखिएको छ । मधेश प्रदेश नेपालको अन्न भण्डार मानिन्छ । देशको हिमाली, पहाडी भेगमा वर्षा र बाढीले जनधनको ठूलो क्षति भइरहेको छ । तर मधेशमा धान रोपाइँ गर्ने वर्षा समेत भइरहेको छैन । खासगरि मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लामा वर्षा भइरहेको छैन । समयमा वर्षा नहुँदा किसानको बीउ जलेको छ । मलखादको चरम अभाव देखिएको छ । किसानहरु सीमावर्ती भारतीय बजारबाट चोरी पैठारी गरी ल्याउने मलखादले धान रोपाइँमा बाधा पुगेको छ । प्रदेश सरकारले सुख्खाग्रस्त घोषणा गरेर मौन बसेको छ । सस्तो लोकप्रियताको लागि मधेश प्रदेश सरकार प्रचारबाजीमा लागेको छ । सरकारले गरिरहेको प्रचारबाजीबाट अविश्वास बढाउने काम मात्र भइरहेको छ । किसानहरुका लागि गत आर्थिक वर्षमा जडान गरिएको डिपट्युबवेलहरुमा बिजुली जडान भएको कारण सिचाइँ भइरहेको छैन । सरकारले तत्काल किसानहरुको खेतमा पानी पुऱ्याउन बिजुलीको प्रबन्ध गर्नुपर्ने हो । तर कमिसनमा पल्केको सरकारले झुठा प्रचार गर्दै किसानलाई ठगिरहेको छ । डिपट्युबवेल जडान गरिएको खेतमा समेत पानी छैन । सरकारले सिचाइँका लागि पर्याप्त बजेट बिनियोजन गरेको छ । अहिले बिजुलीको प्रबन्ध गरिए हप्ता दिनमा २० प्रतिशत भन्दा बढी खेतमा धान रोपाईं हुन सक्छ । डिपट्युबवेल र मोटर समेत जडान भइसके पनि बिजुलीको कारण किसानले खेतमा सिँचाई गरेर रोपाइँ गर्न सकिरहेको छैन । किसानको प्रमुख समस्या सिचाइँ र मलखाद हो । मधेश प्रदेशलाई सुख्खाग्रस्त घोषणा गरेको सरकारले हाल सम्म किसानका लागि कुनै काम गर्न सकेको छैन । मधेश प्रदेश सुख्खाग्रस्त घोषणा भएपछि संघीय सरकारले निरीक्षणका लागि आठवटै जिल्लामा अनुगमन गर्न टोली खटाएको छ । तर सबै प्रकृया पुरागर्दै रोपाइँको समय नै बित्ने छ । किसानले धान रोप्न नसक्दा मधेश प्रदेशमा मात्र नभइ देशैभरि अन्नको समस्या हुने निश्चित छ । मधेश प्रदेशमा धानको सर्वाधिक उत्पादन हुने गरेको छ । तर यस वर्ष आधी पनि रोपाइँ नभएकोले एक चौथाई मात्र उत्पादन भए पनि सन्तोष गर्न सकिनेछ । रोपाइँ भएको खेतमा पनि चिरा परेर धान जलिरहेको छ । तर मधेश प्रदेश सरकार कमिसन आउने दाउ छाडेको छैन । मधेशमा अकाल परिसक्यो भन्दा पनि अतिशयोक्ति नहोला । तर सरकार प्रचारबाजीमा लागेको छ । किसानको समस्यालाई सरकारले बेवास्ता गरेको छ ।

# मधेश प्रदेशमा औद्योगिक विकासको चुनौती र सम्भावना



प्रा.डा. सूर्य नाथ मिश्र

नेपालमा संचालित उद्योगहरुको कुल संख्या करीब ६० हजार छ। औद्योगिक क्षेत्रले करीब ४ लाख जनतालाई रोजगारी प्रदान गरेको छ। मुलुकको कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १३. ७ प्रतिशत छ। मधेश प्रदेशमा संचालित उद्योगहरुको कुल संख्या करीब १३ हजार छ। यसले करीब १३२,५०० जनतालाई रोजगारी प्रदान गरेको छ। यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा यसको योगदान १२.३ प्रतिशत छ।

यस प्रदेशका अधिकांश जनताको जीविका खेतीमाथि निर्भर छ। यसको खेती आकाशे पानी ( वर्षा ) माथि आधारित छ। वैश्विक जलवायु परिवर्तणको कारणले वर्षा अनिश्चित हुन्छ। तसर्थ यस प्रदेशमा भयानक गरीबी र बेरोजगारीको समस्या छ। स्मणीय छ, हाम्रो मुलुकमा गरीबी रेखा मुनि १७.४ प्रतिशत जनता छन र बेरोजगारीको दर १२.२ प्रतिशत छ, जबकि यस प्रदेशमा गरीबी रेखा मुनि २४.२ प्रतिशत जनता छन र बेरोजगारीको दर २०.१ प्रतिशत छ। यहाँका युवाहरु विदेशिन बाध्य छन। र, यस प्रदेशबाट श्रमिकहरुको आप्रवासन सबै प्रदेश भन्दा बढी हुनु अस्वभाविक होइन। यहाँ व्याप्त गरीबी, बेरोजगारी र श्रमशक्तिको आप्रवासनको समस्यालाई समाधान गर्नको लागि यसको अर्थतन्त्रलाई औद्योगिकरण गर्नु अपरिहार्य छ। खास गरी यस प्रदेशमा उद्योगहरुको स्थापना, विकास र विस्तारमा सामना गर्नुपर्ने मुख्य चुनौतीहरु निम्नानुसार छनः

### औद्योगिक पूर्वाधारको समस्या

वास्तवमा औद्योगिक पूर्वाधार ( यातायात, संचार, ऊर्जा, पानी तथा फोहरमैला व्यवस्थापन ) को दृष्टिकोणले उद्योगहरुको स्थापनाको लागि यो एक उपयुक्त प्रदेश हो। यसका आठवटै जिल्लामा पक्की सडकको साथसाथै दुइटा जिल्ला ( पर्सा र धनुषा ) मा रेलवे र तीनवटा जिल्ला ( बारा, धनुषा र सप्तरी ) मा हवाई यातायातको सुविधा छ। यसका सबै जिल्लामा संचार, ऊर्जा, पानी तथा फोहर व्यवस्थापनको सुविधा पनि छ। तर, पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखि उतर तर्फ चुरे क्षेत्रमा खाने पानीको अभाव र दक्षिण तर्फ जनताको घना तथा स्थायी वसोवास भएकोले यहाँ उद्योगहरुको स्थापनामा कठिनाई छ। यस प्रदेशको सरकारले महेन्द्र राजमार्ग देखि भारतीय सीमासम्म कोशी, बलान, कमला, लखनदेई, बागमती र सिर्सिया नदिहरुको पक्की तटबन्ध र फराकिलो बाटो निर्माण गरी /गराई उक्त अनियन्त्रित नदिहरुको कारणले बाँझो परेका जग्गाहरुमा औद्योगिक कोरिडोरको विकास गर्नु उपयुक्त हुनेछ।

### महँगो जमीन

यस प्रदेशको क्षेत्रफल मुलुकको कुल क्षेत्रफलको सिर्फ ६.५ प्रतिशत, जबकि जनसंख्या २१ प्रतिशत छ। यसका अधिकांश आप्रवासी श्रमिकले आ-आफ्ना बचतको लागानी जमीन खरीदमा नै गर्दछन। यहाँ अत्यधिक जनघनत्व र आप्रवासी श्रमिकहरुको क्रयशक्तिमा वृद्धि भएकोले जमीनको मूल्यमा अप्रत्याशित वृद्धि हुनु स्वभाविकै हो। उद्योग संचालन गर्नको लागि धेरै जमीनको आवश्यक्ता पर्दछ। उद्योगपतिहरुको पूँजीको अधिकांश हिस्सा जमीन खरीदमा लगानी भैहाल्छ। उनीहरुलाई कारखानाको भवन निर्माण, मेसिनरी र उपकरण प्रतिष्ठापन, चालू पूँजी,आदिको लागि कोषको अभाव हुन्छ। यस समस्यालाई समाधान गर्नको लागि प्रदेश सरकारले यस प्रदेश स्थित नदिका कोरिडोरहरुलाई औद्योगिक क्षेत्र घोषणा गरी उद्योगपतिहरुलाई उद्योग स्थापना गर्नका लागि दीर्घकालीन एवं सहुलियतपूर्ण भाडामा उपलब्ध गराउनु उपयुक्त हुनेछ। स्मरणीय छ, हाम्रो मुलुकमा हाल ९ वटा संचालित औद्योगिक क्षेत्र ( बालाजु, भक्तपुर, हेटौडा, नेपालगंज, पोखरा, बुटवल, धरान, बिरेन्द्रनगर र गजेन्द्र नारायण सिंघ ) छन, जस मध्ये सिर्फ एउटा ( गजेन्द्र नारायण सिंघ ) यस प्रदेशको सप्तरी जिल्लामा छ। दुर्भाग्यवश, यस औद्योगिक क्षेत्रमा पनि अधिकांश आवंटित भूमि-प्लटहरु खाली नै छन भने केहि आवंटित नै नगरिएका छन।

### दक्ष जनशक्तिको अभाव

नेपालमा जनशक्तिको अनियोजित विकास भैरहेको छ। यहाँको शिक्षा प्रणाली अझै पनि परंपरागत नै छ। साँच्चै भन्ने हो भने सरकारी शिक्षण संस्थाहरुबाट सामान्यतया अल्पशिक्षित तथा अदक्ष जनशक्ति र नीजि शिक्षण संस्थाहरुबाट उच्च शिक्षित तथा बेरोजगार जनशक्तिको उत्पादन भैरहेको छ। यसैको परिणामश्वरुप एकातर्फ युवाहरूले रोजगारी नपाउने र अर्कोतर्फ उद्योग धन्दाका लागि आबश्यक दक्ष जनशक्ति नपाएर विदेशबाट मगाउनुपर्ने बाध्यता छ। हाम्रो सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारको आवश्यक्तानुसार दक्ष र उच्च दक्ष जनशक्तिको योजनाबद्ध विकास गर्नु अपरिहार्य छ।

> नेपालको राजनीति लामो समयदेखि अस्थिर रहँदै आएको छ। मौजुदा संविधान २०७२ को घोषणा पश्चात ८ पटक त सरकार परिवर्तण भैसकेको छ। र, अहिले ९ औं पटकको परिवर्तणको लागि जोरदार प्रयास जारी छ। हाम्रो मुलुकमा सरकार परिवर्तणसंगै राष्ट्रिय प्राथमिकता, नीति र कार्यक्रममा हुने अनावश्यक र अस्वभाविक परिवर्तण यसको आर्थिक र औद्योगिक विकासमा सबै भन्दा ठुलो बाधक हो।

### पूँजीको अभाव

हाम्रो देशमा प्रति व्यक्ति आय अमेरिकी डलर १४५६ ( ने.रु. २ लाख ) छ, जबकि यस प्रदेशमा सिर्फ ९३२ ( ने.रु. १ लाख २८ हजार ) छ। यति थोरै आयमा जीवन निर्वाहको खर्च वहन गर्न पनि कठिन छ। यस्तो अवस्थामा यहाँ बचत र पूँजीको निर्माण हुने अपेक्षा गर्नु अज्ञानता हो। साँच्चै भन्ने हो भने यहाँ बचत र पूँजी निर्माण गर्ने अथाह क्षमता सीर्फ भ्रष्ट शासक-प्रशासक, कालोबजारिया, माफिया र तस्कर हरुलाई छ। तर, यिनीहरुले आ-आफ्ना बचत ( कालो धन ) लाई औपचारिक तथा उत्पादनशील क्षेत्रमा लगानी गर्ने अपेक्षा गर्नु व्यर्थ हो। सामान्यतया यहाँका ३५ लाख प्रवासी श्रमिकहरुको रेमिटेन्सको करीब १० प्रतिशत बचत हुन्छ। यसबाट हाम्रो मुलुकमा पूँजीको निर्माण र उत्पादनशील क्षेत्रमा लगानी हुने कुरोको प्रवल सम्भावना छ। तर, यिनीहरुमो बचतमाथि नै निर्भर रहिरहने हो भने यस प्रदेशको विकास हुनमा ज्यादै समय लाग्न सक्दछ। तसर्थ यस प्रदेशको द्रुततर आर्थिक विकासको लागि प्रत्यक्ष वैदेशिक लगानी भित्र्याइनु अपरिहार्य छ। यसको लागि हाम्रो सरकारले वैदेशिक लगानी-मैत्रि वातावरण सिर्जना गर्नु अत्यावश्यक छ।

### उद्यमशीलताको विकासमा कमी

वास्तवमा उद्यमशीलता आर्थिक समृद्धिको मेरुदण्ड हो। हाम्रो मुलुकमा यसको समुचित विकास अझै पनि हुनसकेको छैन। खास गरी अधिकांश नेपाली प्रवासी श्रमिकसंग थोरधेर पूँजी छ, तर उनीहरुमा व्यावसायिक संस्कार, प्रवृति र आचरण छैन। उनीहरुलाई व्यावसायिक अवसरहरुको पहिचान गर्ने, सर्वोत्तम व्यावसायिक अवसरको चयन गर्ने, व्यावसायिक संगठन निर्माण गर्ने, आवश्यक व्यावसायिक संसाधन संकलन गर्ने, व्यावसायिक जोखिमको आकलन तथा वहन गर्ने र चयनित व्यावसायको सुरुवात (नवप्रवर्तन) गर्ने क्षमता छैन। तसर्थ उनीहरुले आफ्ना सम्पूर्ण उर्जाशील जीवन प्रवासी श्रमिकको रुपमा व्यतीत गर्न बाध्य छन। यस्तो अवस्थामा हाम्रो सरकारले यी सम्भाव्य लगानीकर्ताहरुलाई आवश्यक व्यावसायिक तथा सीप विकास तालिम निशुल्क दिने व्यवस्था अविलम्ब गर्नु जरुरी छ।

### बजारिकरणको समस्या

हाम्रो मुलुकमा कुनै पनि वस्तुको उत्पादन गर्नको लागि आवश्यक सबै कच्चा पदार्थ उपलब्ध छैनन। यहाँ उपलब्ध नभएका कच्चा पदार्थहरु विदेशबाट आयात गर्नुपर्ने बाध्यता छ। आयातित कच्चा पदार्थहरुमाथि पनि यहाँ अत्यधिक करारोपण गरिएको छ। साथै, हाम्रा अधिकांश उद्योग साना र मझौला स्केलका छन। र, ८अत्याधुनिक यन्त्र, उपकरण र प्रविधिको प्रयोग गर्न असमर्थ छन। यिनीहरुको उत्पादकत्व न्यून, लागत अधिक र गुणस्तर न्यून हुनु अस्वभाविक होइन। यस्तो अवस्थामा हाम्रो अत्यधिक प्रतिस्पर्धी बजारमा खास गरी आयातित बस्तुहरुसंग प्रतिस्पर्धा गरेर अपेक्षित विक्री-वितरण तथा यथोचित लाभोपार्जन गर्नु प्रायः असम्भव छ। हाम्रो सरकारले यिनीहरुसंग सामुहिक रुपमा अन्तर्क्रिया गर्नु, निहितार्थ समस्या बुझ्नु र समाधानका उपायहरुलाई अविलम्ब अवलम्बन गर्नु अत्यन्त जरुरी छ।

### असहज औद्योगिक सम्बन्ध

औद्योगिक प्रतिष्ठानहरुको सुसंचालन र लक्षित परिणामहरुको प्राप्ति धेरै हदसम्म रोजगारदाता र श्रमिकहरु बीचको सम्बन्ध माथि निर्भर गर्दछ। यी दुबै पक्षको बीचमा बिभिन्न बिषयमा समय-समयमा मनमुटाउ उत्पन्न हुनु अस्वभाविक होइन। तर,यस्ता मनमुटाउको समाधान वार्ताबाट गरिनु पर्दछ, बन्द र हडतालबाट होइन। श्रमिकहरुको हक, हित र मर्यादाको संरक्षण र रोजगारदातासंग आवश्यक वार्ता गर्नको लागि एउटा औपचारिक श्रमिक संगठन अपरिहार्य हुन्छ। तर, हाम्रो मुलुकका औद्योगिक प्रतिष्ठानहरुमा प्रायः प्रत्येक मुख्य राजनीतिक दलको भातृ संगठन छ। यिनै भातृ संगठनहरुको कारणले औद्योगिक प्रतिष्ठानहरुमा अधिकांश समस्या उत्पन्न भैरहेको गुनासो उद्योगीहरुको छ। साँच्चै भन्ने हो भने औद्योगिक प्रतिष्ठानहरुमा राजनीतिक दलहरुका भातृ संगठनहरु माथि कानूनी प्रतिबन्ध अविलम्ब लगाइनु पर्दछ।

### असुरक्षा

हाम्रो मुलुकमा सशस्त्र द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापन भएको १९ वर्ष पूरा भैसकेको कुरा सर्वविदितै छ। तर, अहिले पनि बिभिन्न समुह र संगठनका नाममा गरिने चन्दा माग र आउने धम्कीका कारण उद्योगी तथा व्यवसायीहरु पलायन हुनु पर्ने अवस्था सिर्जना भएको गुनासो उनीहरुको छ। वास्तवमा जोखिम मोलेर लगानी गर्न कोही चाहँदैन। र, शान्ति सुरक्षाकै जोखिमपूर्ण अवस्थामा विदेशी लगानी पनि भित्रन सक्दैन । त्यसैले मुलुकले लगानी खोजेको हो भने औद्योगिक तथा व्यावसायिक सुरक्षालाई प्राथमिकतामा राख्नैपर्छ।

### कर्मचारीतन्त्रको अवरोध

हाम्रो मुलुकमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण, भन्सार कार्यालय र आन्तरिक राजस्व कार्यालयका कर्मचारीहरुको कार्यशैली सेवाग्राही-मैत्री नभएको कुरो सर्वविदितै छ। यिनीहरुले उद्योगीहरुलाई आवश्यक सेवा यथाशीघ्र प्रदान गरी प्रोत्साहित गर्नुपर्ने ठाँउमा अनावश्यक बखेरा झिकेर निरुत्साहित गर्दछन। बिचरा उद्योगीहरुले यिनीहरुलाई रिझाउन तथा पोष्न बाध्य हुन्छन। साँच्चै भन्ने हो भने यिनीहरुको रुखो व्यवहारबाट उद्योगीहरु ज्यादै हैरान छन्। हाम्रो सरकारले अर्थतन्त्रको रुपान्तरण र द्रुततर आर्थिक विकास गर्नको लागि यिनीहरुको कार्यशैलीमा आवश्यक सुधार गर्न लगाउनु जरुरी छ।

### राजनीतिक अस्थिरता

नेपालको राजनीति लामो समयदेखि अस्थिर रहँदै आएको छ। मौजुदा संविधान २०७२ को घोषणा पश्चात ८ पटक त सरकार परिवर्तण भैसकेको छ। र, अहिले ९ औं पटकको परिवर्तणको लागि जोरदार प्रयास जारी छ। हाम्रो मुलुकमा सरकार परिवर्तणसंगै राष्ट्रिय प्राथमिकता, नीति र कार्यक्रममा हुने अनावश्यक र अस्वभाविक परिवर्तण यसको आर्थिक र औद्योगिक विकासमा सबै भन्दा ठुलो बाधक हो। वास्तवमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले यहाँ लगानी गर्न हच्किनुको मुख्य कारण बारम्बारको नीति र कार्यक्रमा अनावश्यक परिवर्तण नै हो। मुलुकको द्रुततर आर्थिक तथा औद्योगिक विकासको लागि हाम्रा नीतिनिर्माताहरुले राष्ट्रिय सहमति र साझा धारणाको विकास गर्नु र सोको इमान्दारीपूर्वक कार्यान्वयन गर्नु वर्तमान समयको माग हो।

( श्रोतः राष्ट्रिय जनगणना २०७८ र राष्ट्रिय समाचारपत्र )

# कसरी गरिन्छ शासन प्रणालीको गुणस्तर परीक्षण ?



केशव खतिवडा

लोकतान्त्रिक विधि वा प्रक्रियाबाट स्थापित सरकारले नागरिकको सर्वोत्तम हित आपूर्ति तथा प्रवर्द्धन गर्न राजनीतिक र कानुनी प्रक्रियाबाट आफूलाई प्राप्त अधिकार र स्रोतको उपयोगद्वारा नीति-नियम बनाउने र कार्यान्वयन गर्ने प्रक्रिया नै शासन हो । व्यक्ति, समाज र राज्यलाई व्यवस्थित गर्ने ऐन-कानुन निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने, नियमन र नियन्त्रण गर्ने जस्ता राज्यका समग्र पक्षको व्यवस्थापन गर्नु शासनको प्रमुख उद्देश्य हो ।

सार्वजनिक, निजी र गैरसरकारीजस्ता सबै क्षेत्रलाई व्यवस्थित गर्ने बृहत् अवधारणाका साथै राज्य सञ्चालन गर्ने पद्धति पनि हो शासन । त्यसै गरी कुनै कुरालाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि निर्माण गरिएको एकीकृत संरचना वा ढाँचा नै प्रणाली हो । प्रणाली अन्तर्गत मुख्य गरी ढाँचा वा संरचना, प्रक्रिया, नियमहरू तथा संयन्त्रहरू जस्ता पक्ष समावेश भएका हुन्छन् । शासन भनेको निर्णय र कार्यान्वयनसँग सम्बन्धित हुन्छ भने प्रणाली त्यस्तो निर्णय कार्यान्वयन गर्न प्रयोग हुने संरचना, ढाँचा, प्रक्रियाजस्ता सवालसँग सम्बन्धित हुन्छ । यसरी समग्रमा समाज, संस्था वा देश कसरी सञ्चालन हुन्छ भन्ने सम्पूर्ण संरचना, प्रक्रिया, सिद्धान्त तथा सार्वजनिक नीति-नियमको संयोजनलाई जनाउँछ शासन प्रणालीले । यसले मुलुकको सबै पक्ष र सरकारबिचको सम्बन्धलाई परिभाषित र निर्देशित गर्छ ।

समाज, संस्था वा देश कसरी सञ्चालन हुन्छ भन्ने सम्पूर्ण संरचना, प्रक्रिया, सिद्धान्त तथा सार्वजनिक नीति-नियमको संयोजनलाई जनाउँछ शासन प्रणालीले । यसले मुलुकको सबै पक्ष र सरकारबिचको सम्बन्धलाई परिभाषित र निर्देशित गर्छ ।

शासन प्रणालीको गुणस्तर परीक्षणले कुनै मुलुक विशेषको, संस्था वा सार्वजनिक निकायको शासन कसरी सञ्चालन भइरहेको छ र त्यसले कस्तो परिणाम दिइरहेको छ भनी गरिने मूल्याङ्कन वा विश्लेषणलाई जनाउँछ । यसमा शासन प्रणालीको पारदर्शिता, जवाफदेहिता, कार्यक्षमता, समावेशिता, कानुनी शासन, आधारभूत मानव अधिकार तथा जनसहभागिता जस्ता पक्षको मूल्याङ्कन गरिन्छ । शासन प्रणालीको परीक्षण विभिन्न तरिकाबाट गर्ने गरिन्छ । जसका लागि विश्वव्यापी रूपमा प्रयोग हुने केही महत्त्वपूर्ण सूचकहरूको प्रयोग गर्नुपर्छ । ती सूचक हुन्– स्वतन्त्रता, समानता, कानुनी शासन, भ्रष्टाचार नियन्त्रण, आवधिक निर्वाचन, सरकारको प्रभावकारिता, जवाफदेहिता, पारदर्शिता, समावेशिता, न्यायपूर्ण सहभागिता, संस्थागत स्थायित्व, मानव अधिकार, राजनीतिक स्थायित्व, आर्थिक वृद्धि, आतंकवादको नियन्त्रण, पर्यावरणीय सन्तुलन आदि ।

त्यसै गरी ट्रान्सपरेन्सी इन्टरनेसनल, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्र संघजस्ता अन्तर र्राष्ट्रिय स्तरका संस्थाहरूले प्रकाशित गर्ने प्रतिवेदनले पनि मुलुक विशेषको शासन प्रणालीको गुणस्तरको स्थिति देखाउँछन् । राष्ट्रिय रूपमा हुने नागरिक संवाद, शासनको स्थितिको लेखाजोखा, भ्रष्टाचार सर्वेक्षण, सार्वजनिक सेवाप्रति नागरिक सन्तुष्टि, सार्वजनिक सेवाको पहुँचमा नागरिकको अनुभूति तथा आवधिक निर्वाचन र आवश्यकता अनुसार जनमत संग्रहबाट पनि विद्यमान शासन प्रणालीको परीक्षण गरिन्छ । नागरिक सुनुवाइ, संवैधानिक निकायहरू, बजेट प्रभावकारिताको लेखाजोखा तथा विज्ञद्वारा पनि सार्वजनिक नीति र तिनको प्रभावकारी कार्यान्वयनका बारेमा विश्लेषण गरी शासन प्रणालीको परीक्षण गर्ने प्रचलन छ ।

हरेक मुलुकमा सञ्चालित शासन प्रणालीको परीक्षण वा लेखाजोखा मूलतः मुलुक विशेषका महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, अख्तियार दुरुपयोग नियन्त्रण आयोगजस्ता संवैधानिक अंगहरू, समाजकल्याण परिषद्, नागरिक समाज, सञ्चारका माध्यमहरू, न्यायपालिका, विश्वविद्यालयहरू, अनुसन्धानसँग सम्बन्धित निकायहरू, विज्ञ समूहहरू तथा गैरसरकारी संस्थाहरू जस्ता निकायले गर्छन् । बाह्य रूपमा अन्तर्राष्ट्रियस्तरका संस्थाहरूबाट प्रकाशित प्रतिवेदनका आधारमा मूल्याङ्कन हुने गर्छ । नेपालमा पनि शासन प्रणालीको परीक्षण यी नै निकायद्वारा हुने गरेको छ तर शासन प्रणालीको परीक्षण कार्य आफैँमा जटिल, बौद्धिक र बहुआयामिक प्रक्रिया तथा विषय हो ।

शासन प्रणालीको सुधार एक निरन्तर दीर्घकालीन र समग्र प्रक्रिया हो । शासन प्रणालीको सुधारका लागि कानुनी सुधार; पारदर्शिता र सूचनामा पहुँच; उत्तरदायित्व प्रणालीको सुदृढीकरण; भ्रष्टाचार नियन्त्रण; लोकतान्त्रिक सहभागिता; प्रशासनिक सुधार; शिक्षा र जनचेतनामा वृद्धि; स्वतन्त्र न्यायपालिका; स्वतन्त्र प्रेस र नागरिक समाजको सक्रियता आदिको प्रमुख भूमिका हुन्छ ।

शासन प्रणालीको गुणस्तर भन्नाले कुनै देश, सरकार वा संस्थाद्वारा नागरिक वा लाभग्राहीका लागि नीति निर्माण गर्ने, तिनको कार्यान्वयन गर्ने, सर्भिस डेलिभरी गर्ने तथा सार्वजनिक स्रोतको समग्र व्यवस्थापन गर्ने र त्यसको प्रभावकारितालाई जनाउँछ । शासन प्रणालीको गुणस्तर कस्तो छ भनी मापन तथा मूल्याङ्कन गर्नका लागि माथि उल्लिखित सूचकहरूको प्रयोग गरिन्छ । मूल्याङ्कन गर्दा सूचक प्रभावकारी रूपमा कार्यान्वयन भई मापनयोग्य परिणाम प्राप्त भएको पाइएमा त्यस्तो शासन प्रणालीको गुणस्तर उच्च स्तरको र कमजोर पाइएमा निम्न स्तरको भनी बुझिन्छ । गुणस्तर निम्न स्तरको भएमा नागरिक असन्तुष्टि पनि व्यापक हुन्छ ।

शासन प्रणालीको गुणस्तरको परीक्षण मुख्यतया दुईवटा पक्षद्वारा गरिन्छ– सरकारी निकायबाट र सरकारी नियन्त्रणमा रहेका निकायभन्दा बाहिर रहेका स्वतन्त्र निकायहरूबाट ।

सरकारी निकायमा संवैधानिक अंगहरू पर्छन् भने स्वतन्त्र निकायमा नागरिक समाज, सञ्चारका माध्यमहरू, गैरसरकारी निकायहरू, विज्ञ समूहहरू, संयुक्त राष्ट्र संघ, विश्व बैंक, ट्रान्सपरेन्सी इन्टर नेसनलजस्ता संस्था पर्छन् । निष्पक्ष र आधिकारिक रूपमा भने सरकारले गठन गरेका तर सरकारी नियन्त्रणभन्दा बाहिर रहेका विज्ञहरू समेत संलग्न निकायले गरेको मूल्याङ्कन बढी यथार्थपरक हुने गर्छ ।

कानुनी शासन, पारदर्शिता, जवाफदेहिता, सार्वजनिक सेवा प्रवाह, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, नागरिक सहभागिता, समावेशिता, आधारभूत मानव अधिकार, आर्थिक वृद्धि, पर्यावरणीय सन्तुलन, आर्थिक स्थाथित्व जस्ता शासन प्रणालीका मापन र विश्लेषण गर्ने सूचकका आधारमा स्वतन्त्र मूल्याङ्कन गर्दा हाम्रो शासन प्रणालीको गुणस्तर निकै नाजुक रहेको तथ्यहरूले प्रमाणित गर्छन् । किनभने दल र समूहगत स्वार्थलाई केन्द्रमा राखेर विभिन्न बहानामा गरिने सरकार परिवर्तनले राजनीतिक स्थायित्व दिन सकेको छैन ।

आज दलहरूभित्र स्वार्थकेन्द्रित तीव्र आन्तरिक गुटबन्दी र कलह देखिन्छ । दलतन्त्र हाबी हुँदै गएकाले लोकतान्त्रिक मूल्य र मान्यतामा ह्रास आएको छ । नेतृत्व हस्तान्तरणको संस्कृति विकास भएको छैन । नेतृत्व भिजन, मिसन र एक्सनसहितको हुनुको सट्टा घमण्ड, अहंकार, पूर्वाग्रह र प्रतिशोधपूर्ण देखिन्छ ।

कानुनी शासनको हवाला संविधान र कानुनले दिएको भए पनि यसको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर छ । न्यायालय र संवैधानिक निकायहरूप्रतिको विश्वासमा क्षयीकरण हुँदै गएको छ । पारदर्शिता र जवाफदेहिताको सर्वत्र अभाव छ । भ्रष्टाचार र अनियमितताका अनगिन्ती मुद्दाहरू त्यसै थन्किएका छन् ।

न्यायालयमा विचाराधीन रहेका मुद्दा पदावधि र समयावधि सकिँदासम्म निरूपण नभएका थुप्रै उदाहरण छन् । नियामक निकायहरू समेत कठपुतली बन्दै गएका छन् । संघीयता र सुशासन संवैधानिक र कानुनी अलंकार मात्र बन्न पुगेका छन् । सर्वस्वीकार्य तथा पूर्ण संघीयताको कार्यान्वयन हुन सकेको छैन । सुशासन त आफैँमा लज्जित हुँदै गएको छ । संविधान संशोधनको नारा गठबन्धन बन्ने र भत्काउने मन्त्रमा मात्र सीमित हुन पुगेको छ । नीति-निर्माणमा नागरिक सहभागिता कुनै पनि क्षेत्रमा हुन सकेको छैन । आवश्यक ऐन-कानुन बन्न सकेका छैनन् । प्रशासनिक संघीयताको कार्यान्वयन भएको छैन । सरकारका ढाँचा तथा संरचना भद्दा र खर्चिला रहेका छन् । जसले डेलिभरी दिन सकिरहेको छैनन् ।

यस्ता विकृति र विसंगतिका कारणले नागरिक असन्तुष्टि बढ्दै गएको छ । तसर्थ यी यावत् विषयमा सरोकारवालाले ध्यान जान ढिला हुँदै गएको सर्वत्र अनुभूति हुन थालेको छ । रातोपाटी

# 'मानव अधिकारसम्बन्धी नेपालले गरेका १९६ प्रतिबद्धतामध्ये १६ वटा मात्रै पूर्ण कार्यान्वयन'



काठमाण्डुमानवअधिकारसम्बन्धी तेस्रो विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपालले गरेका प्रतिबद्धता कार्यान्वयनको अवस्था निकै कमजोर देखिएको छ।

प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको आइतबारको बैठकमा तेस्रो विश्वव्यापी आवधिक समीक्षा (युपिआर) प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयनको अवस्था र चौथो समीक्षा तयारीबारे छलफल भएको थियो । छलफलका क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत विवरणअनुसार तेस्रो समीक्षाका अधिकांश सुझाव नेपालले कार्यान्वयन गर्न सकेको छैन भने आगामी चौथो समीक्षाका लागि पर्याप्त पूर्वतयारीसमेत भएको छैन।

सन् २०२६ मा नेपालको चौथो चक्रको विश्वव्यापी मानव अधिकार समीक्षा हुँदैछ। त्यसका लागि नेपालका तर्फबाट राष्ट्रिय प्रतिवेदन तयार पारी आगामी अक्टोबर ५ भित्र संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा पठाइसक्नुपर्ने हुन्छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले निर्धारित समयभित्रै प्रतिवेदन पेस गर्न नेपाल प्रतिबद्ध रहेको बताउनुभयो । "हामी सबै निकायसँगको समन्वयमा चौथो प्रतिवेदन तोकिएको समयभित्रै पेस गर्नेगरी अघि बढिरहेका छौँ", उहाँले भन्नुभयो।

यस्तै, संविधानमा भएका व्यवस्था कार्यान्वयनका लागि कानुन चाँडो निर्माण गर्ने, योजना तथा नीति कार्यान्वयनका लागि पर्याप्त संरचना निर्माण र बजेट छुट्याउने कार्यलाई सरकारले प्राथमिकतामा राखेको मन्त्री गुरुङको भनाइ छ।

सोही बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन नेपालले उल्लेख्य काम गरेको दाबी गर्नुभयो । "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन निर्माण तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन जस्ता महत्त्वपूर्ण काम भएका छन् । मानव अधिकारसँग जोडिएका अरू विभिन्न कानुन निर्माणका लागि पनि सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय भइरहेको छ", उहाँले भन्नुभयो।

बैठकमा मुख्यसचिव एकनारायण अर्यालले मानव अधिकारसम्बन्धी तेस्रो आवधिक समीक्षाबाट दिइएका सुझाव कार्यान्वयन अवस्थाबारे समितिलाई जानकारी गराउनुभएको थियो।

"नेपालले उक्त प्रतिवेदनमार्फत १९६ बुँदा कार्यान्वयन गर्ने भनेर प्रतिबद्धता जनाएकामा १६ वटा मात्रै पूर्ण कार्यान्वयन हुन सकेका छन् । बाँकी १० वटा आंशिक, १११ वटा कार्यान्वयनको विभिन्न चरणमा रहेका र १० वटा कार्यान्वयन नै हुन नसकेको अवस्थामा छन् । ३७ वटा बुँदा नेपालले आफ्नो जानकारीमा मात्रै लिएको थियो", उहाँले भन्नुभयो।

नेपालमा मानवअधिकारसम्बन्धी विभिन्न विषयमध्ये मुख्यगरी लैङ्गिक विभेद, बालश्रम तथा बालविवाह, जातीय छुवाछूत, द्वन्द्वपीडित र सङ्क्रमणकालीन न्याय, गरिबी निवारण, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानव बेचबिखन जस्ता विषयबारे समीक्षाका क्रममा प्राथमिकताका साथ केही विषय औँल्याइएको मुख्यसचिव अर्यालको भनाइ छ।

छलफलका क्रममा सांसदहरूले मानवअधिकारसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान पूर्ण कार्यान्वयनमा आउन नसकेको, दलित तथा अल्पसङ्ख्यकको हक अधिकार सुनिश्चित हुन नसकेको, छुवाछूत तथा जातीय भेदभाव हट्न नसकेकालगायत विषय उठाउनुभएको थियो।

यसैगरी, नागरिकले संविधानद्वारा प्रत्याभूत गरिएका शिक्षा, स्वास्थ्य, रोजगार, आवासलगायत मौलिक हक पाउन नसकेको विषय पनि समितिमा उठाइएको थियो। चौथो समीक्षाका लागि नेपाल सरकारका तर्फबाट, राष्ट्रिय मानवअधिकार आयोगका तर्फबाट र गैरसरकारी संस्थाहरूबाट छुट्टाछुट्टै प्रतिवेदन संयुक्त राष्ट्रसङ्घमा जाने भएकाले सबै प्रतिवेदन बुझाउनु अघि आपसमा सहकार्य गर्ने र विषयवस्तुमा एकरुपता कायम गर्नका लागि छलफल गरिनुपर्ने धारणासमेत राखिएको थियो।

संयुक्त राष्ट्रसङ्घका हरेक सदस्य राष्ट्रलाई समीक्षाका लागि पालैपालो छान्ने गरिन्छ। जसले गर्दा हरेक सदस्य राष्ट्रको प्रत्येक साढे चार वर्षमा अनिवार्य रूपमा समीक्षा हुन्छ।

नेपालको यसअघि सन् २०११ मा पहिलो, सन् २०१५ मा दोस्रो र सन् २०२० मा तेस्रोपटक आवधिक समीक्षा भएको थियो।रासस

# सुशासन कायम गर्न समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छः माया राई



काठमाण्डु । मेरो अधिकांश समय संसदीय गतिविधिमा बित्छ। म महिला तथा सामाजिक मामिला समितिको सदस्य छु । मैले भोजपुर जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्छु । जिल्लाका जनताका विषयवस्तुलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम पनि भइरहेको छ। सुशासन कायम गर्न समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्नेमा मेरो जोड छ।

जनताको समस्या समाधान गर्ने थलो संसद् हो । संसद्मा कानुन निर्माणका साथै जनताका सवालसहित समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउने काम हुन्छ । आफ्नो जिल्लाको समस्या सदनमा राखिन्छ । तर अत्यन्त कम कार्यान्वयन भइरहेको छ। बजेटको विषयमा प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट आएका सांसदको बीचमा विभेद हुने रहेछ । समानुपातिक सांसदभन्दा प्रत्यक्ष निर्वाचित सांसदलाई बढी प्राथमिकता दिएको देखिन्छ। तर यसरी विभेद गर्नु हुँदैन भन्ने मेरो जोड छ। समानुपातिक पद्धति भने पनि त्यो निर्वाचनबाटै आएको हो।

संविधानको कार्यान्वयन आम रूपमा भइरहेको छ, तर जति कार्यान्वयन हुनुपर्ने हो त्यति भएको छैन । महिलाका हकमा संसद्मा ३३ प्रतिशत कार्यान्वयन भएको छ । संविधानबमोजिम दुईवटा आमनिर्वाचन सम्पन्न भएका छन् । सङ्घीयतासँग जोडिएका केही कानुन बनिसकेका छन्, केही बन्ने क्रममा छन्। तर सीमान्तकृत समुदायको हकमा संविधान पूर्ण कार्यान्वयन हुन सकेको छैन। आमाको नामबाट नागरिकता पाउने व्यवस्था नयाँ नागरिकता ऐनमा छ, जुन निकै सकारात्मक पक्ष हो।

नेपालको निर्वाचन प्रणाली भड्किलो र बढी खर्चिलो छ। स्थानीय निकायका वडाध्यक्ष र पालिकाको निर्वाचन जित्न पनि करोड खर्च गर्नुपर्ने विकृति मौलाएको छ। यो रकम सामान्य व्यक्तिले जुटाउन समस्या हुन्छ । त्यसैले पनि नेतृत्वमा पुगेपछि निर्वाचनमा भएको खर्च उठाउन भ्रष्टाचार हुने सम्भावना बढी रहन्छ। अहिलेको निर्वाचन प्रणालीले भ्रष्टाचारलाई प्रोत्साहन गरेको छ । निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा राज्यको पनि खर्च कम हुन्छ । समानुपातिक निर्वाचन प्रणालीमा देश विकासले पनि गति लिनुका साथै सुशासन कायम हुने मेरो विश्वास छ।

सङ्घीयताले अहिले संवैधानिक मान्यता र व्यवस्थित गरेको छ। अहिलेको सङ्घीयता बढी खर्चिलो भयो भन्ने जनगुनासो छ। देशको आर्थिक अवस्थाअनुसार सङ्घीय संरचना बनाउनुपर्छ। सङ्घ र प्रदेशका सांसद र मन्त्रालयको सङ्ख्या घटाउनुपर्छ । जनतालाई बढीभन्दा बढी सहयोग गर्ने पहिलो ठाउँ भनेकै स्थानीय तह भएकाले त्यसलाई स्रोतसाधन र अधिकारसम्पन्न गराउनु पर्दछ।

**पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा राज्यको पनि खर्च कम हुन्छ । समानुपातिक निर्वाचन प्रणालीमा देश विकासले पनि गति लिनुका साथै सुशासन कायम हुने मेरो विश्वास छ ।**

समानुपातिक-समावेशी व्यवस्था जसका लागि भनिएको थियो, उसले पाउन सकेको छैन। लक्षित समुदायले यो सुविधाको उपभोग गर्न पाएका छैनन्। संसद्मा समानुपातिकमा वरिष्ठ नेता बसेपछि उत्पीडित र सीमान्तकृत समुदायले कसरी पाउँछ ? म आदिवासी जनजातिको कोटाबाट सांसद भएकी हुँ, तर ममात्र भएर भएन। मजस्ता अरु समुदायको पनि प्रतिनिधित्व हुनुपर्‍यो। समानुपातिक अधिकार तल्लो समुदायले पाउन सकेका छैनन्।

आदिवासी जनजातिको जनसङ्ख्याका आधारमा राज्यका सबै तहमा अर्थपूर्ण सहभागिता हुनुपर्छ । संविधानअनुसार जनजातिलगायत अन्य समुदायले पनि अधिकार पाउन सकेका छैनन्। जनजातिको नीतिनिर्माण तहमा अर्थपूर्ण र नेतृत्वदायी भूमिकामा सहभागिता सुनिश्चित गर्नुपर्छ । आदिवासी/जनजातिको राज्यका केही निकायमा सहभागिता छ, तर अर्थपूर्ण सहभागिता भएको छैन । सहभागिताले मात्र हुँदैन, अर्थपूर्ण सहभागिता हुनुपर्छ । अहिलेको सरकार समावेशी छैन । यसअघिका सरकारले पनि जनजातिलाई राज्यमन्त्रीमा सीमित गरेका छन् । यद्यपि, हामी जनजातिले पार्टीभित्र पनि आवाज उठाइरहेका छौँ । संसद्, सडक र पार्टीभित्र पनि आफ्नो आवाज उठाउने काम भने भइरहेको छ।

महिलाको दृष्टिकोणबाट हेर्दा संविधान अपूर्ण छ। हामी महिला आधा आकाश हो । हामीले संसद्मा ३३ प्रतिशतमात्र मागेको होइन । हाम्रो माग महिलाको जनसङ्ख्याका आधारमा राज्यका सबै संरचनामा सहभागिता हुनुपर्छ भन्ने हो । अहिले संसद्मा ३३ प्रतिशतमात्र छ। सरकारमा त्यही ३३ प्रतिशत पनि छैन।

न्यायपालिकामा पनि महिलाको कमजोर उपस्थिति छ भने संवैधानिक निकायमा सहभागिता नै छैन भन्दा हुन्छ। त्यसैले यी सबै विषयलाई संविधानमा उल्लेख गर्नुपर्छ र कार्यान्वयन पनि गर्नुपर्छ। सेना र प्रहरीमा पनि महिलाको सहभागिता कमजोर देखिन्छ । स्थानीय तहमा महिलालाई उपप्रमुखमा मात्र सीमित गरिएको छ । सातै प्रदेशको अवस्था हेर्दा महिला सहभागिताको अवस्था सन्तोष गर्ने किसिमको छैन।

राजनीतिक दलहरूले ३३ प्रतिशत महिलालाई निर्वाचनमा टिकट दिएकै छैनन् । राजनीतिक पार्टीको नेतृत्व तहमा महिला सहभागिता छैन । दलहरूले महिलालाई अगाडि बढाउन सकेको खण्डमा राज्यसंरचनाका प्रमुख पदमा महिला सहभागिता बढेर जानेछ। यदि पार्टीले नै स्थान दिएनन् भने कसरी राज्य संरचनामा महिलाको सहभागिता हुन्छ ? महिलालाई प्रत्यक्ष निर्वाचनका लागि बढीभन्दा बढी टिकट दिनुपर्छ। त्यसका लागि सबै पार्टीले आफ्नो विधान संशोधन गर्नुपर्छ। महिला-महिलाबीच प्रतिस्पर्धा हुनेगरी महिलाका लागि निर्वाचन क्षेत्र छुट्याउनुपर्छ।

नेपालमा पर्याप्त मात्रामा रोजगारीको व्यवस्था छैन । आफ्नो सन्तानलाई राम्रो शिक्षा दिनुपर्छ भनेर सहर प्रवेश गर्नेको सङ्ख्या बढ्दो छ। सहर हुँदै विदेश जानेको सङ्ख्या बढ्दो छ। युवा पलायन रोक्न शिक्षा क्षेत्रमा सुधार गरी प्रविधिमैत्री र रोजगार केन्द्रित शिक्षा दिनुपर्छ । अहिले राजनीतिक दलका नेताका छोराछोरी निजी विद्यालयमा अध्ययन गरिरहेका छन् । सरकारी विद्यालयमा सर्वसाधारण जनताका छोराछोरीमात्र छन्। सरकारी विद्यालयमा पढाउने शिक्षकले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पठाएका छन् । शिक्षकहरू राजनीतिक पार्टीमा आबद्ध भएर राजनीति गरिरहेका छन्। यो अन्त्य हुन जरुरी छ। युवाको विदेश पलायन रोक्न नेपालको शिक्षा क्षेत्रमा सुधार गर्दै व्यावहारिक र गुणस्तरीय शिक्षा दिनुपर्छ । सरकारले रोजगारीमा लगानी गर्नुपर्छ। देशभित्र रोजगारी नभएपछि विदेश जानु नेपाली युवाको बाध्यता हो।

नेपालको भोजपुर, धनकुटा, खोटाङ र उदयपुर जिल्ला भोजपुरसँग जोडिएका छन् । यी जिल्लामा भौगोलिक रूपमा पानीको मुहान कम छ । पानी नभएपछि उत्पादन कम हुन्छ, तर त्यहाँको प्राकृतिक रूपमा उत्पादन गर्न सकिने बाली केके छन् अध्ययन गरी सोहीअनुसार राज्यले लगानी गर्नुपर्छ।रासस

# शिक्षा समितिमा मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफल

काठमाण्डु। प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आइतबार मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ। सांसदहरूले विधेयक आवश्यक भएको भन्दै त्यसको औचित्य, आवश्यकता र स्वरूपबारे धारणा राख्नुभयो।

सांसद देवेन्द्र पौडेलले गलत र भ्रामक समाचार बढिरहेको र यसले व्यक्तिगत चरित्रहत्याका घटना बढाइरहेको भन्दै यसमा नियमन गर्ने गरी मिडिया काउन्सिल आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले 'फेक' समाचार सार्वजनिक भइरहेका छन्। यसलाई कसरी नियमन गर्ने भन्ने स्पष्ट व्यवस्था हुनुपर्छ। मिडिया काउन्सिल स्वायत्त र निष्पक्ष निकाय हुनुपर्छ। प्रतिस्पर्धाबाट स्वतन्त्र, निष्पक्ष र सक्षम व्यक्ति यसमा आउने सुनिश्चित गरिनुपर्छ।" पौडेलले नागरिकको सूचना प्राप्तिको अधिकारमा राज्यको कुनै प्रभाव हुनुहुँदैन भन्दै गलत सूचना प्रवाह गर्नेलाई कारबाही गर्ने स्पष्ट प्रणाली ल्याउनुपर्नेमा जोड दिनुभयो।सांसद रेखा शर्माले संवैधानिक व्यवस्थाअनुसार पूर्ण प्रेस स्वतन्त्रता र पत्रकारिताको नाममा भइरहेका अराजकता गरी दुवै पक्षलाई गम्भीरतापूर्वक हेर्नुपर्ने धारणा राख्नुभयो। अराजकतालाई रोक्छु भन्दै गर्दा पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित हुन नदिनेबारे पनि सोच्नुपर्ने उहाँको भनाइ थियो।रासस

# प्रत्यक्ष निर्वाचत प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्छः सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचत प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्ने बताउनुभएको छ।

सभापति देउवा निवास बूढानीलकण्ठमा आइतबार नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्मासहितको टोलीले 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मस्यौदामा संशोधनका लागि बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचनभित्र समानुपालितक प्रतिनिधित्व जरुरी भएको बताउनुभयो । "निर्वाचन विधेयकमा आएको संशोधनका विषयमा म पार्टीभित्र र अन्य राजनीतिक दलहरुसँग पनि सल्लाह गर्छु", सभापति देउवाले भन्नुभयो, "प्रत्यक्ष निर्वाचन प्रणाली जनतासम्म पुग्ने मुख्य आधार हो, प्रत्यक्षभित्र पनि समानुपातिक सहभागिता चाहिन्छ।"

रासस

## कात्यानी दर्शन प्रा. लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०४/०५)

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला नगरपालिकामा कात्यानी दर्शन प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कात्यानी दर्शन प्रा. लि.<br>मिथिला नगरपालिका-०३, धनुषा, नेपाल<br>इमेलः katyaniind080@hotmail.com<br>फोनः ९८०१०७३०३९ |
| प्रस्तावको व्यहोरा | वार्षिक १,०५० MT Agarbatti/Dhup उत्पादन गर्ने उदेश्यका साथ स्थापना |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा. | मिथिला नगरपालिका-९, हरिहरपुर, धनुषा, मधेश प्रदेश, नेपाल |
| कित्ता नं | २७१, २७२, २७३, २७४, २७५, ३०८, ३०९, ३३९, ३४१, ३५०, ३५१, ३५२, ३५३, ३५४, ३५५, ३५६, ३५७, ३६५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| मिथिला नगरपालिका-०३, को कार्यालय | |
| प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं | |
| प्रस्तावकको नामर ठेगाना | कात्यानी दर्शन प्रा. लि.<br>मिथिला नगरपालिका ०३, धनुषा, नेपाल<br>इमेलः katyaniind080@hotmail.com<br>फोनः ९८०१०७३०३९ |
| परामर्शदाताको नाम र ठेगाना | एस एम एस ईन्भाएरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग प्रा. लि.<br>महालक्ष्मी नगरपालिका-१, इमाडोल, ललितपुर, नेपाल<br>ईमेलः smseenepal@gmail.com<br>फोनः ९८५१००९५३६ |

## सटर (कवल) बहाल सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०४/०५**

यस शाखा कार्यालय मातहतको ज.उ.म.न.पा वडा नं ४ स्थित रामचन्द्र गुठी अन्तगतका श्री अमरखाना देवी मन्दिरको दक्षिण तर्फका सटर (कवलहरु) नं. १ देखी १६ सम्मका प्रति पसल सटर (कवलहरु) न्युनतम मासिक बहाल रु. ७,०००/- (अक्षेरुपी सात हजार मात्र) राम मन्दिरको दक्षिण तर्फका सटर (कवलहरु) नं. १७ देखी २२ सम्मका र राम मन्दिरको पश्चिमतर्फका सटर (कवलहरु) नं. २३ देखी २९ सम्मका लागि प्रति सटर (कवलहरु) को न्यूनतम मासिक बहाल १२,०००/- (अक्षेरुपी बारह हजार मात्र) का दरले ५ (पांच) बर्षका लागि भाडा (बहालमा) बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ, संस्था वा कम्पनीहरु बाट प्रति सटर (कवलहरु) बोलपत्र फारम दस्तुर रु.३,००० (अक्षेरुपी तीन हजार मात्र) नगद बुझाई (पछि फिर्ता नहुने गरी) यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रत्येक सटर (कवल) का लागि छुट्टाछुट्टै बोलपत्र फारम खरीद गरी ८औं दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि शाखा कार्यालयमा सम्पक गर्नुहोला।

**गुठी संस्थान शाखा कार्यालय**
जनकपुरधाम, धनुषा
सम्पर्क नं. ०४१-५९०२८१

## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०५**

यस गाउँपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# जापानको माथिल्लो सदनको चुनाव, प्रधानमन्त्री इशिबाको परीक्षा

एएफपी

टोकियो। आइतबार संसदको माथिल्लो सदनको निर्वाचनमा बहुमत गुमाउनसक्ने अपेक्षाबीच जापानका प्रधानमन्त्री शिगेरु इशिबाले मतदानको सामना गरिरहनुभएको छ । माथिल्लो सदनका २४८ सिटमध्ये आइतबार १२५ सिटका लागि प्रतिस्पर्धा हुँदैछ । गठबन्धनलाई बहुमत कायम राख्न यीमध्ये ५० वटा आवश्यक पर्छ।

एलडिपी फन्डिङ स्क्यान्डलको व्यवस्थापन र संयुक्त राज्य अमेरिकासँग कुनै व्यापार सम्झौता नभएको खण्डमा अगस्ट १ देखि २५ प्रतिशतको अमेरिकी कर वृद्धिको बारेमा लामो समयदेखि पार्टीमा असन्तुष्टी बढेको छाविशेषगरी चामलको मूल्यवृद्धिका कारण धेरै जापानीहरू आहत भएको अवस्थामा इशिबाको शासकीय गठबन्धनले माथिल्लो सदनमा आफ्नो बहुमत गुमाउन सक्ने जनमत सर्वेक्षणहरूले देखाएका छन् ।

अक्टोबरमा तल्लो सदनको चुनावपछि लज्जाजनक रूपमा अल्पमतको सरकारमा सामेल भएका इशिबाका लागि सरकारमा यो अन्तिम अवसर हुन सक्छ ।दोशिशा विश्वविद्यालयका राजनीतिका प्राध्यापक तोरु योशिदाले एएफपीसँग भन्नुभयो, "इशिबाले राजीनामा दिनुपर्ने हुन सक्छ।"

योशिदाले भन्नुभयो, "जापानले तल्लो सदन र माथिल्लो सदन दुवैमा सत्तारुढ सरकार अल्पमतमा परेको अज्ञात आयाममा प्रवेश गर्न सक्छ, जुन जापानले दोस्रो विश्वयुद्धपछि कहिल्यै अनुभव गरेको छैन ।"आइतबार टोकियोको एक मतदान केन्द्रमा ५४ वर्षीय मतदाता अत्सुशी मात्सुउराले एएफपीसँग भन्नुभयो, "वस्तुको मूल्य बढिरहेको छ, तर तलब नबढेकोमा म बढी चिन्तित छु।"



अर्का मतदाता ६५ वर्षीय हिसायो कोजिमाले आफ्नो पेन्सनको रकम 'मूल्यवृद्धि थेग्न असफल हुँदै गएको' भन्दै निराशा व्यक्त गर्नुभयो । "पेन्सन प्रणालीलाई सहयोग गर्न हामीले धेरै पैसा तिरेका छौँ। यो मेरो लागि सबैभन्दा ठूलो मुद्दा हो," उहाँले भन्नुभयो । इशिबाको मध्यदक्षिणपन्थी लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) ले सन् १९५५ देखि जापानमा लगातार शासन गर्दै आएको छ।

> "हालैका महिनाहरूमा ऊर्जाको मूल्यमा तीव्र गिरावट आएको छ, किनकि सरकारले घरायसी ऊर्जा बिलहरूको लागि सहायता हटाउने र नयाँ समर्थनहरू थप्नका लागि पूर्व नीतिहरूलाई फिर्ता गरेको छ ।"

गत सेप्टेम्बरमा आफ्नो पाँचौं प्रयासमा ६८ वर्षीय इशिबाले नेतृत्वको कठिनतम शीर्षस्थानमा पुग्नुभयो र तुरुन्तै चुनावको घोषणा गर्नुभयो । तर निर्वाचनले उहाँको अपेक्षा अनुरूप काम गरेन । यो उल्टो साबित भयो र मतदानले एलडिपी र यसको सानो गठबन्धन साझेदार कोमेइटोलाई विपक्षी दलहरूको समर्थनको आवश्यकता पर्‍यो । यसले एलडिपीको विधायी एजेन्डालाई कमजोर बनायो।

मूडीज एनालिटिक्सका स्टेफन एन्ग्रिकले भन्नुभयो, "हालैका महिनाहरूमा ऊर्जाको मूल्यमा तीव्र गिरावट आएको छ, किनकि सरकारले घरायसी ऊर्जा बिलहरूको लागि सहायता हटाउने र नयाँ समर्थनहरू थप्नका लागि पूर्व नीतिहरूलाई फिर्ता गरेको छ।"देशको रोजगारीको आठ प्रतिशत हिस्सा ओगटेको जापानको विशाल अटो उद्योगले पहिले देखि घोषित कर वृद्धिको दर्दनाक अवस्थाबाट गुज्रिरहेको छ।

गत साता निर्यातको कमजोर तथ्याङ्कले विश्वको चौथो ठूलो अर्थतन्त्र रहेको जापान प्राविधिक मन्दीमा फस्न सक्ने आशङ्का लाई बढावा दिएको थियो ।इशिबाले गत फेब्रुअरीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग प्रारम्भिक बैठक गर्ने र आफ्ना व्यापारिक दूतलाई वासिङ्टनमा सातपटक पठाउने पनि सहमति हुन सकेको छैन ।ट्रम्पले गत साता जापानले समस्याको समाधानका लागि तयार नभएको भन्दै सम्झौताको सम्भावनामाथि आशङ्का व्यक्त गर्नुभएको छ।

"हामी सजिलै सम्झौता गर्नेछैनौं," इशिबाले यसै महिना भन्नुभयो । इशिबाको सबै करहरू शून्यमा कटौती गर्न जोड दिने स्पष्ट रूपमा अधिकवादी रणनीतिले पनि आलोचनाको सामना गर्नुपरेको छ । यद्यपि यो चुनावपछि परिवर्तन हुन सक्छ ।वासेदा विश्वविद्यालयमा राजनीतिका प्राध्यापक मसाहिसा इन्डोले एएफपीसँग भन्नुभयो, " एलडिपीका लागि जनतामा विश्वास बढाउनु महत्त्वपूर्ण छ । उहाँको सरकारले अमेरिकी करसम्बन्धी वार्तालाई कत्तिको राम्रोसँग सम्हाल्न सक्षम छ भन्ने कुरा अत्यन्त महत्त्वपूर्ण छ।"

**'जापान प्रथम'**

पछिल्लो पटक सन् २०१० मा एलडिपी र कोमेइटोले माथिल्लो सदनमा बहुमत हासिल गर्न असफल भएका थिए।सन् २००९ मा जापानमा डेमोक्र्याटिक पार्टीले तीन वर्षसम्म शासन गर्दा सरकार परिवर्तनको दुर्लभ अभ्यास प्रस्तुत भएको थियो ।आज प्रतिपक्ष विभाजित छ, र दलहरूले वैकल्पिक सरकार गठन गर्न सक्ने सम्भावना कम छ।जनमत सर्वेक्षणले माथिल्लो सदनको १० भन्दा बढी सिट जित्न सक्ने अनुमान गरेको 'जापान-प्रथम' सान्सेइतोले अहिले दुई सिट जितेको छ।

पार्टी आप्रवासनमा ' कडा नियम र सीमा' चाहन्छ, 'भूमण्डलीकरण' र 'कट्टरपन्थी' लैङ्गिक नीतिको विरोध गर्दछ र कार्बनिकरण नियन्त्रण र खोपका बारेमा पुनर्विचार गर्न चाहन्छ।गत हप्ता रुसी सरकारी सञ्चारमाध्यमले एक उम्मेदवारको अन्तर्वार्ता लिएपछि मस्कोसँग कुनै पनि सम्बन्ध नरहेको दाबी गरिएको थियो ।एक मतदाताले एएफपीसँग भने, "मैले सोचिरहेको कुरा उनीहरूले शब्दमा व्यक्त गरे तर यो धेरै वर्षसम्म शब्दमा व्यक्त गर्न सकेका थिएनन् ।"

# हा लङ बे पर्यटक डुङ्गा डुब्दा भियतनाममा दर्जनौँको मृत्यु



एएफपी

हा लङ बे ।भियतनामको सबैभन्दा लोकप्रिय पर्यटकीय गन्तव्यमध्ये एकमा डुङ्गा डुब्दा कम्तीमा ३८ जनाको मृत्यु भएपछि उद्धारकर्ताहरूले आइतबार बेपत्ता पाँच जनाको खोजी गरिरहेका छन् ।

भियतनामको प्रसिद्ध हा लङ बे वरिपरि परिवारहरूलाई घुमाउँदै गरेको पर्यटक डुङ्गालाई शनिबार अकस्मात् आएको आँधीले प्रहार गरेको थियो । यो युनेस्को विश्व सम्पदा स्थलको सबैभन्दा घातक प्रकोपहरू मध्ये एक थियो।

भिएनएक्सप्रेस समाचार साइटका अनुसार अचानक भारी वर्षाका कारण पल्टिएको 'वन्डर सी' नामक जहाजमा ४८ यात्रु र पाँच चालक दल सदस्य सवार थिए ।"आकाश अँध्यारो भयो", हा लङ बे क्षेत्रका बासिन्दा ट्रान ट्रोङ हङले एएफपीलाई भन्नुभयो, त्यहाँ "मुसलधारे वर्षा, आँधीबेहरी र चट्याङसहित औँला बराबरका ठूला असिनाहरू आए ।"यात्रुहरूमा २० भन्दा बढी बालबालिका सहित राजधानी हनोईबाट आएका गर्ने परिवारहरू अधिकांश थिए ।शनिबार साँझसम्म सीमा रक्षकहरूले ११ जनालाई उद्धार गरेका थिए र ३४ जनाको शव बरामद गरेका थिए।

रातभर क्याबिनमा तीनजना चालक दलका सदस्यहरूको शव फेला परेको थियो र अझै पनि बेपत्ता रहेका पाँच जनालाई फेला पार्न आइतबार बिहानसम्म उद्धार कार्य जारी रहेको थियो ।उद्धार गरिएका मध्ये एक जनाको आइतबार अस्पतालमा मृत्यु भएको र मृतकको सङ्ख्या ३८ पुगेको भिएनएक्सप्रेसले जनाएको छ ।उद्धार गरिएकाहरू मध्ये एक १० वर्षीय केटाले राज्य सञ्चारमाध्यम भियतनामनेटलाई भने, "मैले गहिरो सास लिएँ, एउटा खाली ठाउँबाट पौडिएँ, डुबें र त्यसपछि माथि पौडिएँ, मैले सहायताका लागि चिच्याएँ, त्यसपछि सिपाहीहरू भएको डुङ्गाले मलाई तान्यो।"

प्रधानमन्त्री फाम मिन्ह चिनले शनिबार मृतकका आफन्तप्रति समवेदना प्रकट गर्दै रक्षा तथा जनस्वास्थ्य मन्त्रालयलाई तत्काल खोजी र उद्धार कार्य गर्न आग्रह गर्नुभएको थियो ।"अधिकारीहरूले घटनाको कारण अनुसन्धान र स्पष्ट पार्नेछन् र उल्लङ्घनहरूलाई कडाइका साथ नियन्त्रणमा लिनेछन्", सरकारी विज्ञप्तिमा भनिएको छ ।शनिबार उत्तरी हनोई, थाई गुयेन र ब्याक निन्ह प्रान्तमा पनि भारी वर्षा भएको छ। तीव्र हावाहुरीका कारण राजधानीमा धेरै रुखहरू ढलेका छन्।

यो आँधी तीन दिनको तीव्र गर्मीपछि आएको थियो । भियतनाममा केही क्षेत्रमा पारा ३७ डिग्री सेल्सियस (९९ डिग्री फारेनहाइट) पुगेको थियो ।नेसनल सेन्टर फर हाइड्रोमेटियोरोलोजिकल फोरकास्टिङका निर्देशक माई भान खिमले भिएनएक्सप्रेसमा उद्धृत गर्दै उत्तरी भियतनाममा आँधीबेहरी दक्षिण चीन सागरमा उष्णकटिबन्धीय आँधी विफाको प्रभावका कारण नभएको बताउनुभयो ।विफा आइतबार दक्षिण चीन सागरमा प्रवेश गर्दै शक्ति बढाउँदै छ र अर्को हप्ताको सुरुमा भियतनाममा आउने बाटोमा छ।

हा लङ बे भियतनामको सबैभन्दा लोकप्रिय पर्यटन गन्तव्यहरू मध्ये एक हो। लाखौँ मानिस प्रत्येक वर्ष यसको निलो-हरियो पानी र वर्षावन-शीर्ष चुनढुङ्गाका टापुहरू हेर्न आउँछन् ।गत वर्ष टाइफुन यागीले तीव्र हावा र छालहरू ल्याएपछि हा लङ खाडीको किनारमा रहेको तटीय क्वाङ निन्ह प्रान्तको डुङ्गा लक क्षेत्रमा ३० वटा जहाज डुबेका थिए ।यस महिना इन्डोनेसियाको लोकप्रिय रिसोर्ट टापु बालीमा एउटा डुङ्गा डुबेर कम्तीमा १८ जनाको मृत्यु भएको थियो।

# इक्वेडरको पर्यटकीय सहरमा पुल बारमा गोली हानी नौ जनाको हत्या

एएफपी

जनरल भिल्लामिल। इक्वेडरको दक्षिणपश्चिमी पर्यटकीय सहरमा पुल खेलिरहेका बेला शनिबार कम्तीमा नौ जनाको गोली हानी हत्या गरिएको देशको अभियोजकको कार्यालयले जनाएको छ।

दक्षिणी गुयास प्रान्तको तटीय सहर र स्थानीय पर्यटकहरूका लागि गन्तव्य जनरल भिल्लामिल प्लेयासको मजदुर वर्गको बस्तीमा रहेको बारमा सशस्त्र व्यक्तिहरूको समूहले धेरै मानिसमाथि गोली चलाएको थियो ।इक्वेडरको अभियोजकको कार्यालयले सामाजिक सञ्जाल एक्समा सशस्त्र व्यक्तिहरू प्रतिष्ठानमा प्रवेश गरी उपस्थितहरूलाई गोली हानेको बताएको छ। सामाजिक सञ्जालमा भाइरल भएका तस्बिरहरूले धेरै पुल टेबलहरूको वरिपरि भुइँमा कम्तीमा नौ जना रगतले लतपतिएका शवहरू देखाएको छ।

स्थानीय मिडिया रिपोर्टहरूका अनुसार आक्रमणकारीहरूसँग स्वचालित राइफलहरू थिए ।नरसंहार भएको बारमा आफन्तहरूले शनिबार राति दुईवटा कफिन राखेका थिए। एएफपी रिपोर्टरले खिचेका तस्बिरहरूका अनुसार पुल टेबलमा गोलीका प्वालहरू देखिएका थिए।

प्रहरी कर्नल झानोन वरेलाले मिडियालाई आक्रमणमा दुई जना घाइते भएको र स्थानीय अस्पतालमा उपचार गरिएको बताउनुभयो ।अधिकारीहरूले घटनास्थलमा एउटा शव मात्र पहिचान गर्न सकेका छन्।"दुर्भाग्यवश, जब प्रहरी आइपुग्छ, यस घटनाबाट प्रभावित धेरै व्यक्तिहरूलाई बासिन्दाहरू र परिवारका सदस्यहरूले घटनास्थलबाट हटाइदिन्छन्", वरेलाले भन्नुभयो, "थप पीडित हुनसक्ने अनुमान गरिएको छ।"

**आत्मसमर्पण गर्दैनौँ**

गुयास प्रिफेक्ट मार्सेला अगुइनागाले पीडितहरू मध्ये एक प्रान्तीय फुटबल स्कुलका प्रशिक्षक रहेको बताउनुभयो।

अगुइनागाले एक्समा लेख्नुभएको छ, "हिंसाले हामीलाई घुँडा टेकाउन, हामीलाई मौन बनाउन र डरलाग्दो कुरामा बानी बसाल्न खोज्छ, तर हामी मौन रहनेछैनौँ। न त आत्मसमर्पण नै गर्नेछौँ।"विज्ञहरूका अनुसार इक्वेडरले हालैका इतिहासमा वर्षको सबैभन्दा हिंसक सुरुआतको अनुभव गरिरहेको बेला यो गोलीकाण्ड भएको हो ।आधिकारिक तथ्याङ्कअनुसार सन् २०२५ को पहिलो पाँच महिनामा इक्वेडरमा चार हजार ५१ जनाको हत्या भएको थियो।

लागुऔषध तस्करी गर्ने सङ्गठनहरू इक्वेडरमा बढ्दै गएका छन्। त्यहाँ सन् २०१८ मा प्रति एक लाख बासिन्दामा छ बाट बढेर सन् २०२४ मा प्रति एक लाखमा ३८ पुगेको छ ।सन् २०२४ मा अधिकतम सुरक्षा भएको जेलबाट भागेपछि जुनमा देशको सबैभन्दा ठूलो लागुऔषध मालिक एडोल्फो मासियास उर्फ फिटोलाई पुनः पक्राउ गरेपछि आपराधिक गिरोहको हिंसा निरन्तर जारी छ।

यस हप्ता फिटो र उनको गिरोह लस चोनेरोसको गढ मानाबी प्रान्तमा, फिटोलाई पुनः पक्राउ गरिएको मान्टासहित धेरै सहरमा भएको घातक हिंसामा कम्तीमा २० जनाको मृत्यु भएको थियो ।शनिबार दिउँसो गृहमन्त्री जोन रेइमबर्गले इक्वेडरको मुख्य माछा मार्ने बन्दरगाह मध्ये एक मान्टामा दुई हजार पाँच सय प्रहरी अधिकारीहरूलाई 'रणनीतिक स्थानहरूमा तैनाथ गरेर' सुरक्षा बढाएको घोषणा गर्नुभयो।

गिरफ्तारीपछि फिटो संयुक्त राज्य अमेरिकामा सुपुर्दगी गर्न सहमत भए जहाँ अभियोजकहरूले उनीमाथि कोकेन र हतियार ओसारपसारको आरोप लगाएका छन् ।एक पटक ल्याटिन अमेरिकामा शान्तिको गढ मानिने इक्वेडर संयुक्त राज्य अमेरिका र युरोपमा लागुऔषध ढुवानी गर्न आफ्ना बन्दरगाहहरू प्रयोग गर्ने।


**मधेश प्रदेश सरकार**
**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**
**उद्योग विभाग**
**घरेलु तथा साना उद्योग कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०५**

यस कार्यालयको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल बिरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८२/४/५ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : सोखा बाबा बचत तथा ऋण सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : कुर्था-०८, धनुषा । हालको ठेगाना जनकपुरधाम उ.म.न.पा.-२१, धनुषा दर्ता नं: १५७४/२०७०/०७१**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : लक्ष्मण साह (सोनार) (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : घुरन साह सोनार<br>बाजे : सुनर साह<br>ना प्र नं. : ५१६५३२०५<br>ठेगाना : कुर्था-८, धनुषा | **५) नाम : सन्तोष कुमार साह (सदस्य जमानीकर्ता)**<br>बाबु : कारी राम साह<br>बाजे : राम प्रसाद साह<br>ना प्र नं. : ५११५४९३१<br>ठेगाना : कुर्था-४, धनुषा |
| **२) नाम : पुकारी देवी (उपाध्यक्ष)**<br>बाबु : अच्छेलाल साह सोनार<br>पति : जनक साह सोनार<br>ना प्र नं. : १७३०८३/१९५<br>ठेगाना : कुर्था-८, धनुषा | **६) नाम : दशरथ साह सोनार (सदस्य जमानीकर्ता)**<br>बाबु : देवलाल साह सोनार<br>बाजे : हजारी साह<br>ना प्र नं. : ५११५४८५९<br>ठेगाना : कुर्था-७, धनुषा |
| **३) नाम : निसा देवी साह (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : प्रमोद साह सोनार<br>पति : नागेन्द्र साह सोनार<br>ना प्र नं. : १७-०१-७१-०४९४०<br>ठेगाना : : जनकपुर-२१, धनुषा | **७) नाम : सिता देवी (सदस्य जमानीकर्ता)**<br>बाबु : सहदेव मण्डल<br>बाजे : राम शंकर मण्डल<br>पति : महेन्द्र मण्डल<br>ना प्र नं. : १७३०८३/६५७<br>ठेगाना : कुर्था-६, धनुषा |
| **४) नाम : केवल कुमार साह (सचिव जमानीकर्ता)**<br>बाबु : चेभरु साह<br>बाजे : विल्ट साह सोनार<br>ना प्र नं. : ५१६५२५१७<br>ठेगाना : : कुर्था-८, धनुषा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री खटर मण्डल खत्वेको बुहारी श्री महेन्द्र मण्डलको श्रीमती धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ६ बस्ने **श्री सिता देवीको** नाममा मालपोत कार्यालय जनकपुरधाम,धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ९ को कित्ता नं. ८३० को क्षेत्रफल ०-०-११-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

२.. श्री सुनर साहको बुहारी श्री घुरन साहको श्रीमती धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ बस्ने **श्री सुमिन्त्रा देवी सोनार्नीको** नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला रतौली गा.वि.स. वडा नं. ८ ख को कित्ता नं. १२७ र ११४ को क्षेत्रफल कमश ०-२-१-० र ०-४-६-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०४/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

### क्र.सं. १. ऋणीको विवरण

**नाम : साकार एग्रो नेपाल प्रा.लि.**
दर्ता नं. : २५६९३७/०७७/०७८, दर्ता मिति : २०७७/११/१२
रजिष्टर्ड कार्यालय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : सन्तोष साह**

**नाम : सन्तोष साह**
बाबुको नाम : कपलेश्वर साह सुडी, बाजेको नाम : जुगे साह सुडी
ठेगाना : भाक्राहा -७, सिरहा, हाल : कल्याणपुर - ६, सिरहा
ना.प्र.प.नं. : १५१०६४/२३५०, जि.प्र.का. सिरहा, जारी मिति : २०६६/११/२७
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : सन्तोष साह | २. नाम : कपलेश्वर साह सुडी |
|---|---|
| बाबुको नाम : कपलेश्वर साह सुडी | बाबुको नाम : जुगे साह सुडी |
| बाजेको नाम : जुगे साह सुडी | बाजेको नाम : मुनर साह सुडी |
| ठेगाना : भोकाहा - ७, सिरहा | ठेगाना : निर्दना - ७, सिरहा |
| हाल : कल्याणपुर - ६, सिरहा | हाल : कल्याणपुर - ६, सिरहा |
| ना.प्र.प.नं. : १५१०६४/२३५० | ना.प्र.प.नं. : २०८३१०१३ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६६/११/२७ | जारी मिति : २०३५/०८/०४ |

**३. नाम : निशा साह**
पतिको नाम : सन्तोष साह, ससुराको नाम : कपलेशवर साह सुडी
ठेगाना : भोक्राहा - ४, सिरहा, हाल : कल्याणपुर - ६, सिरहा
